
पाश्का विशेषाङ्क

# बग्दो झरना

अङ्क : १४ | नेपाली काथोलिक साहित्यिक पत्रिका | फेब्रवरी-अप्रेल २०२५



"तिम्रो प्रेमको बग्दो झरना प्रभु मलाई बनाइदेऊ,
प्रेम शुन्य जहाँ मरूभूमि छ त्यहीँ मलाई बगाइदेऊ।"

भजनमाला।

# पुनःरूत्थित ख्रीस्त सबै विश्वासीहरूको आशाको स्रोतः



पुनरूत्थित ख्रीस्त सबै विश्वासीहरूको लागि आशाको स्रोत हुनुहुन्छ भन्ने सन्त ब्राउलियो अफ् सारागोको उक्ति यस रजतवर्षको पाश्काको लागि सान्दर्भिक लाग्यो। ख्रीस्तीय विश्वासबारे सन्त पावलले ईब्रानीहरूलाई यसरी बताएका छन्, "विश्वास नै आशा राखेका वस्तुहरूको आधार हो, अदृश्य वस्तुहरूको साकार प्रमाण। विश्वासबिना परमेश्वरलाई सन्तुष्ट गराउन असम्भव छ, किनभने परमेश्वर कहाँ आउनेहरूले 'उहाँ हुनुहुन्छ र उहाँको खोजमा रहनेहरूलाई पुरस्कार दिने उहाँ नै हुनुहुन्छ' भन्ने कुरामा विश्वास गर्नुपर्छ" (ईब्रानी ११:१,६)। यही विश्वासद्वारा नै ईशुका अनुयायीहरू सन्त बने कारण उनीहरूले ख्रीस्त ईशुमा विश्वास राखे। उनीहरूको जीवनमा ख्रीस्त नै आशा भरोसा थियो भन्ने कुराहरू ती सन्तहरूको जीवन कहानीमा पढ्न पाउँछौं। हाम्रो मानव जीवनको हरमोड्मा उकाली ओराली विशेषगरी शून्य अवस्थामा पुगिँदा संसारको कुनै थोकबाट पनि सहारा नपाएको अवस्थामा केवल प्रभुप्रतिको विश्वासले मात्र आशाको किरण उदय हुँदछ। ईशु भन्नुहुन्छ, "नडराऊ, केवल विश्वास गर (लूक ८–४०)। यस संसारमा हामी सबै सहयात्री हौं, को ठूलो? को सानो? कुन वर्ग? कुन वर्ण? कुन जात? सबै मानव प्रभुको घरमा जाने एक यात्री हौं। एउटा यथार्त कुरा के छ भने यस यात्रामा हामी एक्लै छैनौं। ईशु–इम्मानूएल हामीसँगै हुनुहुन्छ। यही नै हाम्रो लागि ठूलो आशा हो। यसै शक्तिमा हामी सबै एक–अर्काको निम्ति आशाको ख्रीस्तीयजन बनी, आशाको तीर्थयात्री बनी अघि बढौं। पुनरूत्थित ख्रीस्त ईशुमा सबै पाठक वर्गलाई ह्याप्पी ईष्टर!!



**बिशप स्टेफन लेप्चा,**
**दार्जीलिङ–सिक्किम धर्मप्रदेश।**

**प्रकाशक**
नेपाली काथोलिक साहित्यिक मञ्च, दार्जीलिङ-सिक्किम धर्मप्रदेश, बिशपहाउस, दार्जीलिङ - ७३४१०१।
"Bagdo Jharnaa" A Nepali Catholic Literary Magazine Published by Darjeeling-Sikkim Diocese, Darjeeling-734101.
Vol : 14 Issue : February - April 2025. Editor : Jogen Darnal.

# बग्दो झरना

अङ्क – १४ | नेपाली काथोलिक साहित्यिक पत्रिका | फेब्रवरी - अप्रेल २०२५

**संरक्षक**
**बिशप स्टेफन लेप्चा**

**सल्लाहकार**
**रेभ. फा. एडवर्ड बारेटो**

**सल्लाहकार**
**रेभ. फा. अलेक्स् गुरूङ**

**सल्लाहकार**
**रेभ. फा. फ्रेडी लेप्चा**

**सम्पादक**
**श्री जोगेन दर्नाल**

**सम्पादक मण्डली**
**श्रीमती मोनिका प्रधान, श्री डेनिस लेप्चा।**

**वितरण व्यवस्थापन**
**श्री स्टेफन सुब्बा, श्री आशिष एरियल लेप्चा, सुश्री प्रशंसा राई, श्रीमती फबी लेप्चा (छेत्री)।**

## विषय सूची


| | | | |
|---|---|---|---|
| पाश्का सन्देश | – | धर्माध्यक्ष स्टेफन लेप्चा | |
| हामी आशाका तीर्थयात्रीहरू! | – | सम्पादकीय | |
| मुकदमा कविता | – | प्रकाश थापा | १ |
| कहाँ गइन् होली बोजू | – | अर्जुन राई, मपोचो | ३ |
| तीन अति गम्भीर पापहरू | – | बासिल भोटिया | ५ |
| सम्झनामा पुरणसिंह (पेट्रिक) गुरूङ | – | क्लाउड गुरूङ | ११ |
| बिशप डा. पावल सिमिक : संक्षिप्त परिचय | – | मोनिका प्रधान | १४ |
| सन्त तेरेजा पल्लीमा... | – | फ्रान्सिस प्रणय मुखिया | १६ |
| तीर्थयात्राको संस्मरण : आत्माकथा | – | डी. बी. एन्डू राई | १७ |
| कृतज्ञता | – | दिपक लेप्चा | १९ |
| क्रुसमा ख्रीस्तको महिमा | – | विलियम राई | २० |
| दाम्पत्य जीवनको.... | – | अन्जना एन्जल राई | २० |
| विश्वले मुक्ति पाएको छ | – | फुर्बा हेन्स तामाङ | २१ |
| पुनःरूत्थान | – | जोहन लेप्चा | २३ |
| खरानी लाग्यो जीवन | – | रबिता शेर्पा | २४ |
| फबीओला उपन्यास | – | छैटौं अध्याय | २५ |

# हामी आशाका तीर्थयात्रीहरू!



जीवनयात्रामा एकपछि अर्को आशाको डोरी समाई बाँचेको हुँदोरहेछ मानिस। यही आशामा प्रेम र विश्वासको सहारा लिएर मानिसले मानव जीवनको गन्तव्य तय गर्दछ। यदि हाम्रो जीवनको गन्तव्यमा ईश्वर प्राप्ति नै अभीष्ट रहेको छ भने हामी आशाका ती तीर्थयात्रीहरू हौं जो एक एक पाइला गर्दै शरीर र आत्मादेखि पर परमात्मा तर्फ बढ़िरहेका हुन्छौं।

अनन्त समयलाई अङ्कमा उतारी भन्नु हो भने यस वर्ष माता धर्ममण्डलीले मानव जगतमा मसीह ईशुख्रीस्त प्रकट हुनुभएको दुइहजार पच्चीस वर्षको पुनित रजतवर्ष समारोह पालन गरिरहेछ। यद्यपि मानव र ईश्वरको आन्तरिक सम्बन्ध समयातीत हुन्छ जसलाई घड़ीका काँटा र भित्तेक्यालेन्डरका पाताले व्यक्त गर्न सक्तैन। यी त हाम्रो सुविधाका लागि समयको सूचक र स्थानबोधक प्रविधि मात्र हुन्। ईश्वरसँग मानिसको सम्बन्ध आदिदेखि अन्त्य अनि अनन्तसम्म छ। मानवको उत्पत्तिको प्रारम्भिक बिन्दुदेखि नै मानिसको जीवनयात्रा ईश्वर प्राप्तिको निम्ति तीर्थको रूपमा आरम्भ भएको हुनसक्छ जो आजपर्यन्त मानिसको यात्रा अभीष्टको खोजमा निरन्तर अग्रसर छ। अल्फा–ओमेगा अर्थात् महाकालको यही अखण्डित प्रवाहमा तैरिरहेको हाम्रो जीवनले आ–आफ्ना डुङ्गाबाट हात उठाई सहाराको डोरी पक्रन दिनहुँ प्रयास गरिरहेछ। हामी आशाका तीर्थयात्रीहरू हौं।

तन र मन आत्मा र परमात्मासँग एक हुनलाई प्रयास गरी लेखिएका भक्तिसाहित्यका हाम्रा प्रयासरत रचनाहरू हाम्रो आशाका अभिव्यक्तिहरू हुन्। हाम्रा कथा, कविता, निबन्ध, नाटक, गीत–संगीत, भजन–किर्तनदेखि साहित्यका यावत् विधामा व्यक्त भएको हाम्रो मनको अव्यक्त पुकार हाम्रो आशाका किरणहरू हुन्। आशाका किरणहरूले मार्गदर्शन गरेको गोरेटोमा हामी अक्षरहरू साथ लिई साहित्यिक यात्रामा अघि बढ़िरहेका छौं।

ख्रीस्तीय जीवनशैली नै यात्रामय छ। मानवमुक्तिको इतिहासमा कहिले ईशजन्म पर्वको हर्षोल्लास, कहिले आत्माको शुद्धीकरण लिएर भूलत्रुटी र पापको प्रायश्चितमा दु:खभोगको पालना गर्दै क्रूसको यात्रामा कलवरीतर्फ लागिरहेछौं। फेरि कहिले ईशुको पुन:रूत्थानमा हर्ष–बढ़ाईको महिमा गाउँदै खुशी मनाइरहेका हुन्छौं।

मानिस खुशी हुन्छौं, हुनुपर्छ पनि। तर खुशी पनि नित्य छैन। मानिस दु:खी हुन्छौं, हुनु नपर्ने तर पनि दु:खी हुन्छौं। यद्यपि दु:ख पनि अनित्य छ। मानिसको जीवन दु:खै दु:खको गर्तमा डुबिरहँदैन, यो पनि टर्छ। र नै त जीवनमा हर्ष र आनन्दको उल्लास छाउँछ। यो सुन्दर जीवनको यो सुन्दर यात्रामा हामी ख्रीस्तका अनुगामी हौं। हामी ईश्वरको अनन्त भक्तिपथमा आशाका तीर्थयात्रीहरू हौं।

– जोगेन दर्नाल

बग्दो झरना, अङ्कः १४, फेब्रवरी–अप्रेल, २०२५।





# मुकदमा



– **प्रकाश थापा**
सिंहमारी, दार्जीलिङ।

हुनत मैले धेरै धेरै मुकदमा देखेको छु
तर एउटा अनौठो मुकदमाबारे आज यो कविता लेख्दैछु
कति विचित्र छ कति अद्‌भूत
न कुनै अपराध छ न कुनै सबुत।

मानिसको अदालतमा निर्दोष ईशु खड़ा छन्
विश्वको न्यायकर्ता ईशु
अन्याय पाखण्डीहरूका समक्ष खड़ा छन्
आफ्नो पक्षमा न कुनै गवाही छ,
न कुनै चेला,
न कुनै मित्र साथमा छ।

द्वेष र घृणाले लादिएका आत्माहरू कराइरहेछन्,
प्रतिशोधले भरिएका कुण्ठित आत्माहरू चिच्याइरहेछन्
क्रूसमा झुण्डाऊ यसलाई, क्रूसमा झुण्डाऊ
यो अपराधीलाई क्रूसमा झुण्डाऊ।

ईशु उनीहरूलाई फर्केर हेर्छन्
उनीहरूलाई करूणाको नजर फैलाउँछन्
कुनै दिन स्याउली हातमा लिएर स्वागत गर्ने के उनीहरू नै होइनन् र?
दाउद पुत्रको जय होस् भन्ने उनीहरू नै होइनन् र?

दानव आज अति आनन्दित छ
आफ्नो हारको बदला त्यसले लिनुछ

ईशु यी सबै जान्दछन्
किनकि पिताको इच्छा उहाँले पुरा गर्नुछ।

सत्ता भोगी लालची राज्यपाल
आफै सरकारी वकील, आफै न्यायपाल
उसलाई ईशुको छुटकाराको चिन्ता होइन
तर आफै कुर्सीको चिन्ता छ।
त्यो भीड़मा म पनि खड़ा छु,
सत्यको पक्षमा बोल्ने आँट ममा छैन
म डरपोक निःशब्द ती सबै हेरिरहेछु
निर्दोष ईशुको मृत्युको भागीदार बनिरहेछु।

यस्ता मुकदमा दिनहुँ चलिरहेछ
हजारौं ईशुहरू यसरी नै मरिरहेछन्
कमजोर र अत्याचारको पैंतलामुनि दबिइरहेछन्।
पसिना रगतले मुछिएको
ईशुको अनुहार पुछिदिने
म किन ती निडर भेरोनिका बन्न सक्दिनँ!
थकित कमजोर ईशुको क्रूस बोकिदिने
म किन ती दयालु सिमोन बन्न सक्दिनँ!

त्यो कलवरी डाँड़ा आज मेलाटार बनेको छ
शहर बजार आउनेहरूको ताँती छ
झुण्डाएको ईशुलाई हेर्दै गिल्ला गर्छन्
"एलिया बचाउन आउँछन् कि" उनीहरू भन्छन्।

ईशुको शरीर क्रुसमा अब शिथिल भइसकेको छ
समय पुरा भएको बोध उनलाई छ
'पुरा भयो' भन्दै अन्तिम वाक्यसहित
शिर निहुराई उनले प्राण त्याग गर्छन्।

ईशु! तिम्रो मृत्युको कारण मै हूँ
तिम्रा हात–खुट्टा छेँड़िदिने काँटी मै हूँ
तिम्रो शिरलाई घोंच्ने काँड़ाको मुकुट मै हूँ
तिमीलाई निर्वस्त्र पार्ने सिपाही मै हूँ।

भावशून्य भएर म घर फर्कन्छु
मनमा बोझ लिएर म तड़पिन्छु
आत्माग्लानिले भरेको छ मेरो मन,
पश्चतापको आगोमा जलिरहेछ मेरो मन।
तिम्रो निःस्वार्थ प्रेम बलिदानको
कसरी म ऋण चुकाऊँ
अब मलाई आफ्नो निम्ति होइन
तिम्रो निम्ति जीउनु सिकाऊ।

दुई हात जोड़ी बिन्ती गर्छु
मेरा कर्महरू अब मेरो प्रार्थना बनोस्
रहल मेरो जिन्दगीका क्षणहरू
तिम्रो लागि मेरो उपहार बनोस्।

बिन्ती गर्छु प्रभु तिमीलाई
मृत्युपछि तिम्रो दर्शन गर्नपाऊँ
तिमीले सजाएको स्वर्ग बाटिकामा
म पनि एक पुष्प भई फक्रन पाऊँ॥



**सूचना**
**बग्दो झरना–को आगामी अङ्क परिवार विशेषाङ्कको रुपमा प्रकाशोन्मुख छ। खीस्तीय जीवनशैली तथा काथोलिक जीवनको मूल्यबोधसँग सम्बन्धित कथा, कविता, लेख, रचनादि पठाउनुहुन हाम्रा प्रिय सर्जकहरूलाई सविनय अनुरोध गर्दछौं।**
–सम्पादक मण्डली,
बग्दो झरना।



# कहाँ गइन् होली बोजू

– अर्जुन राई, मपोचो
गौचरण पल्ली
पूर्व सिक्किम, गान्तोक।

संस्मरण.......

शिशिर याम सकियो। दिन–दिनै बर्खा लाग्दै गयो। माथि–माथितिरका चुलीहरू हिउँदोको बर्बरता पछि हरियो चोली फेरेर घामको रापमा ढाँड़ फर्काएर उभिन थाल्यो। चिसो ठिही र वैशाख, जेठको हप्‌हप् भामरमा सेकिएका ती झार–पातहरूमा पनि अब सुरम्य हरियालीको त्यौहार छायो। बैशाखी हुरीको सर...र...र तालमा रूख–पातहरू कतैकहीं छम्‌छम् नाँच्न थाले। हरएक फूलहरूले आ–आफ्नो अनुहार खोलेर मुस्कुराए। हाँसे। रमाए।

हिउँदको समय सन् २०१२–को कुरा। सिलगड़ी प्रधान–नगरमा मेरो निवास। त्यस बखत मेरो लागि त्यस स्थान नौलो थिए। त्यहाँ एक्लो पनि। प्रत्येक शान्त हप्ता हुकुम पर्वको दिन गिर्जाघर जाने गर्थें। मिस्सापछि शान्तले मन–प्राण लिएर म आफ्नो डेरा फर्कन्थे।

गिर्जाघरअघि फराकिलो प्राङ्गण, बाटो पनि उसै सफा थियो। बाटोको किनारामा लस्करै भीक माग्नेहरू। ठाउँ–ठाउँमा खुद्रे पसलहरू। माता मरिया र ईशुका साना–ठूला प्रतिमाहरू। चित्रहरू, क्रूस र रोजरी मालाहरू बिक्रीमा राखेका हुन्थे। यस्तैमा एउटी सावला वर्णकी आदिवासी महिला पनि बसेकी हुन्थी। जहिल्यै मप्रति स्मित मुस्कान लिएर आशालु नजरले हेर्थिन् र भन्थिन्–"लैजानु हवस् हजुर! राम्रो छ..। चोखी छ।" बाँकी उसकै नबुझ्ने भाषामा के के फलाक्थिन् म बुझ्दिनथें। अतः मुक र सांकेतिक भाषामा भने पहिल्यैदेखि हाम्रो चिह्नारी भइसकेको थियो यथार्थमा भने बोलचाल थिएन। यसैले अँह लादिनँ भनी छुनुमुनु टाउको हल्लाइदिन्थें। त्यतिखेर उ नियास्रो मुहार पार्थी र धेरै बेरसम्म हेरि पठाउँथिन्।

ती बगुन्द्रै भीड़को हुलमुलभित्र फाटकको आखिरी कुइनेटोमा एउटी बृद्ध नारी पनि भीख माँग्न बसेकी हुन्थिन्। हेर्दा हाम्रै जातिकाजस्तै देखिन्थिन्। तिनलाई देख्दा मलाई कता–कता दुःख लाग्थ्यो। चित्त फाटिन्थ्यो। उ मसिनो स्वरमा भन्ने गर्थी – "दया गर्नोस् मालिक बाबू! दया गर्नोस्!"

त्यसपल मनभरि विदीर्ण सम्झनाहरू आउँथ्यो तैपनि म आफ्नो स्वार्थको स्वप्नहरू बटुलेर स्वर्ग निखान्नलाई तिनलाई र एक–दुइजना त्यस्तैलाई केही रकम थमाइदिन्थे र सुस्तरी अघि बड़्थे।

सातमहीना बितेछ। गर्मी पनि चड़ेछ। सिलगड़ीको काम सिद्धियो। अब सिक्किम फर्किने भएँ। त्यो साता आखिरी थियो गिर्जाघर जाने। त्यो दिनको मिस्सा सकेर हिंड़्दा परैबाट मेरो ध्यानाकर्षण भयो त्यो बृद्धमाथि। मैले परैबाट देखे एकजना व्यक्तिसँग निक्कै चर्केर हात हल्लाउँदै बात गर्दै थिईन्। त्यो व्यक्तिले पनि हपार्दै भन्दै थियो–"तिम्रो आफन्त कोही छैन? किन यस्तो जीवन जीउनु चाहेको हँ?" त्यतिखेर म धेरै समिपमा पुगिसकेको थिएँ। त्यो वृद्धले भन्दै थिई–"म हरपल साँझ–बिहान प्रभुप्रति प्रार्थना गर्छु। बिन्ती बिछ्याउँछु। कुनै काम नभएको मेरो

यो जीवनलाई यस लोकबाट छुटकारा दिनोस् प्रभु भनी। तर खै त? शायद दीर्घकालसम्म यो दुनियामा रहिरहुन् भन्न प्रभुले इच्छा गरेका हुन् क्यार! त्यसपछि स्तब्ध हुन्छे।

क्षणभरपश्चात् फेरि मलिन स्वरमा भन्न लागिन्– "कुनै समय मसँग पनि प्रशस्तै धन–सम्पत्ति थियो। सुख–सुविधा थियो। मान–मर्यादा थियो। म आफ्नो रूप र धनमा घमण्ड गर्थें। आफैले आफैलाई वैभवशाली सम्झन्थें। म कति निष्ठुरी छि:! दु:खी निर्दयीहरूलाई कहिले दयाको भावले हेर्दिनथें, बरू गिल्ला गर्थें। आखिरी समय चक्रमा पिसिँदै जाँदा, परिवर्तन आउँदोरहेछ एक दिन। कसरी यसै हो भनी भन्न सकिन्न तर आउँछ...।" बोल्दा–बोल्दै अहिले उ रूद्ध कण्ठमा टक्क अड़िन्छे। के सम्झेर हो त्यो व्यक्ति पनि वाल्ल परेर एकाहोरो त्यो बृद्धको मुखमा हेरिरहेको थियो।

टङ्ग.........! टङ्ग.........! गिर्जाघरमा लागेको मिस्साको दोस्रो घण्टीले मलाई सचेत गराउँछ। सदा झैं आज पनि त्यो वृद्धको हातमा केही रकम थमाएर म बाटो लाग्छु। मनभरि कुरा खेल्छ। झसक्कै स्मरण हुन्छ बाइबलमा ती पंक्तिहरू: जोहन ७ अध्याय पंक्ति ३४ मा प्रभु भन्नुहुन्छ– "तपाईंहरू मलाई खोज्नुहुन्छ तर मलाई पाउनुहुन्न र म भएको ठाउँमा आउनु पनि सक्नुहुन्न" र फेरि त्यसैभित्रको ३७ पंक्तिमा भन्नुहुन्छ– "कोही तिर्खाए मकहाँ आऊन् र ममा विश्वास राख्नेले पिऊन्। शास्त्रमा लेखिएअनुसार उभित्रबाट जीवन जलको नदी बहनेछ।"

खै त मानिसहरू! माटोको पुत्ला भएर पनि उत्कृष्ट जीवन–शैलीमा चुर्लुम्मै डुबिपठाउँछौं। केवल सुख–सुबिधा मात्र खोज्छौं र सित्थैमा समय फाल्छौं। जिन्दगी र समयको मूल्य के हुन्? बुझ्नै सक्दैनौं। जहिले खाँचो र पूर्तिको खिँचातानीमा हत्तार गर्छौं। आखिरी हुरीको वेगले दिशा बद्ले झैं कुनै समय बद्लिनुपर्छ र परिवर्तन हामीमा आउनुपर्छ।

अहिले म फाटकको धेरै परको मोड़मा पुगिसकेको थिएँ। नगर र सड़कको गल्लीहरूमा विस्तार...विस्तार साईकल, रिक्सा, मोटर गाड़ीहरू आ–आफ्नो गतिमा त्यत्तिकै दौड़िन शुरू भइसकेको थियो। त्यो अन्तिम मोड़मा पुग्दा गिर्जाघरबाट निस्केको मधुर भजनमा मन्त्र–मुग्ध हुन्छु–

मन्दिरको घण्टीहरूमा तिम्रो मधुर आह्वान सुनी, केवल तिमीलाई भेट्न यहाँ, आएको छु प्रभु।

मन्दिरको घण्टीहरूमा............

क्रमशः भजनको सुर–ताल, सरगम र शब्दहरू धेरै परदेखि भने ज्यादै पात्लो र झिनों हुँदै गइरहेथ्यो। ती जमघट र कोलाहल बीच म पनि टाड़ाको भीड़भित्र बिलिन हुँदै....हुँदै गइरहेथें।

काम विशेषले बेला–बखत सिलगड़ी जानेगर्छु तर तेह्र वर्षको लग लाग्यो त्यो गिर्जाघरको पावन भूमिमा फेरि पर्दापण भएको छैन। ती सम्झनाहरू भने स्मृतिको पातलो पर्दाभित्र अझैं सजीव भइआउँछ हो सम्झना भने मधुमय लाग्छ नभए तितोपन आउँछ र कता.... कता एउटा प्रश्न उठ्छ अहिले ती सबै के भए होलान्? बस् कहाँ गइन् होली तिनी कहाँ पुगिन होली ती बोजू॥



# तीन अति गम्भीर पापहरू



–बासिल भोटिया
सन्त तेरेजा पल्ली, आठमाइल, कालिम्पोङ।

प्रभु ईशुख्रीस्तको दुःख–भोगको चालिस दिनको समय हो जसलाई विश्वव्यापी अर्थमा "लेंट सीजन" भनेर पनि बुझिन्छ। यस अवधिमा ईशुले ईश्वरको राज्यको प्रचार–प्रसार गर्न र मानवमुक्तिको निम्ति आफैलाई क्रूसको बलिवेदीमा आहूति दिनका निम्ति मानसिक र आत्मिक रूपले तयार पार्न जनसम्पर्कदेखि टाढ़ा रहेर मरूभूमिमा एक्लै चालिस दिनसम्मको कठोर तपस्या, उपवास र प्रार्थना गरेका थिए। शास्त्रका अस्त्रले शैतानका सबै परीक्षाहरूलाई परास्त गरेका थिए। उनको त्यो कष्टदायी चुनौतिपूर्ण संवेदनशील र ऐतिहासिक दुःखभोगको स्मरण गर्न र त्यस दुःखभोगमा सहभागी बन्न काथोलिक समुदायले यस समयमा ब्रत उपवास तथा परहेज राख्दछन्। यस समयमा मानिसहरूले दान–धर्म गर्दछन्, आफ्ना दैनिक कामकुराहरू भएका अनि गरेका भूलत्रुटिहरूको लागि पश्चताप गर्दछन्। यस दुःखभोगको समयमा परस्परमा क्षमायाचना साथै क्षमादान गरी सम्बन्ध कायम राख्न मेल–मिलापको संस्कार ग्रहण गर्दछन्। आफ्नो भूल त्रुटिहरू स्वीकार गरी पश्चतापद्वारा धुईपखाली आफैलाई निष्कलंक पारी त्यो चालिस दिनको अवधिलाई प्रार्थनामय वातावरणले सजाउँद छन्। मानिसहरूले धर्मशास्त्रको विशेष पठन–पाठनद्वारा ख्रीस्तका शिक्षाहरू शिरोपर गर्दछन् र ईश्वरको समीप हुने चेष्टा गर्दछन्।

दुःखभोग तथा चालिसाको यो चालिस दिनको समय "खरानी–बुधवार"देखि शुरू हुँदछ उपवास र परहेजको समय जो पवित्र शुक्रबार अर्थात 'गुडफ्राइडे' अघिको पवित्र बिहिबारको दिन अन्त हुँदछ। यस अवधिबिचमा पर्ने आइतबारहरूका गणना हुँदैन। यो वर्ष ०५ मार्च २०२५, बुधवारदेखि दुःखभोग अर्थात चालिसाको शुभारम्भ भएको छ। "खरानीको बुधवार"को दिन विगत् वर्षको सेउली आइवार अर्थात 'पाम–सण्डे'को दिन प्रयोग गरिएको खजुरको पात बालेर खरानी बनाई पुरोहितको धर्मविधि र प्रार्थना अनि आशिषद्वारा पवित्र गराइन्छ। त्यस खरानीलाई पुरोहितले भक्तजनको निधारमा क्रूसको चिह्न अंकित गरी टिका लगाइदिँदै बाइबलको वचनहरूद्वारा मानव जीवनको रहस्यलाई पवित्र बाइबलको उत्पत्ति ३अध्यायको १९ पदमा र उपदेशक ग्रन्थको ३ अध्यायको २० पदमा उल्लिखित "याद होस् मानव तिमी माटो हौ माटो मै मिल्नेछौ" र "म पापी हुँ", "म नश्वर र अनिश्चित चोलाधारी मानव हूँ," "एकदिन मैले मर्नैपर्छ," "मेरो अस्तित्वको निम्ति हरपल म परमेश्वरमा निर्भर हुनैपर्छ" भन्ने सन्देश दिँदछ। त्यसैले मेरो आचरण परमेश्वरको इच्छा बमोजिम मनपर्दो र सुहाउँदो हुनु अति आवश्यक पर्दछ। खरानीले हामीलाई बिनम्रता, दीनता र भद्रताको पाठ सिकाउँदछ। यसले हामीलाई आफ्ना पापहरूको निम्ति पश्चताप गर्नु, क्षमा याचना गर्नु र मेल–मिलाप गरी निष्पाप जीवनयापन गर्नु

आह्वान गर्दछ। दुःखभोगको अर्थ हो आफ्ना पापहरूको निम्ति साँचो मनले पश्चताप गर्नु र ती भूल–त्रुटिहरूलाई धर्मसंस्कार अन्तर्गत पवित्र जलले शुद्धिकरण गरी परमेश्वरका छोरा–छोरी तथा प्रकाशका सन्तान बन्नु र कसुरको पुर्तालको निम्ति पर–पुण्यका कार्यहरू गरी प्रभुले देखाएका मार्ग–दर्शनहरूलाई शिरोपर गरी प्रेरणादायक सत्कर्मी र निष्कलङ्क जीवन जिउँदै परमेश्वलाई महीमा र प्रसंशा दिनु हो। त्यसैकारण दुःखभोगको समय अति नै पश्चतापपूर्ण, गम्भीर, चिन्तन–मनन र प्रार्थनाको समय हुँदछ। यस अवधिमा जीवनचर्यामा आउने विवाहउत्सव, हर्ष खुशीका समारोहहरू आदि सम्पन्न गरिँदैन।

हालैमा "गुगल" हेर्दै थिएँ। एक जग्गा विशेष "तीन गम्भीर पाप"हरूका विषयमा उल्लेख गरिएका रहेछन् र त्यस्ता पापहरूका क्षमा पाउन दुर्लभ हुन्छन् भनी व्याख्या पनि गरिएका रहेछन्। जस्तै पवित्र आत्मा, धर्म र ईश्वरका विरूद्धमा निन्दा गरिएका पापहरूबारे वर्णन गरिएको कुरो देख्दा मलाई चासो र भय दुवै लाग्यो। वर्तमान परिवेशलाई मध्यनजरमा राख्दै विशेष यो चालिसाको समयमा गम्भीरतापूर्वक चिन्तन–मनन गर्ने समायनाकूल र उपयुक्त सन्देश रहेकोजस्तो पनि लाग्यो। हाम्रो मानव कमजोरी र वर्तमान राजनीति परिवेशका विभिन्न दबावहरूका कारणले गर्दा जान्दा–जान्दै पनि हामी कति त्यस्ता गम्भीर पापहरूमा सजिलैसँग फसिहाल्दछौं। चालिसाका घटनाहरूले त्यस्ता गम्भीर पापहरूदेखि सतर्क रहने र ख्रीस्तप्रभु जस्तै विजयी हुनको निम्ति आत्मिक तौरले तयार भई कटिवद्ध रहने आह्वान र विशेष अवसर प्रदान गर्दछ। हुन् त ती पापहरू जतिकै गम्भीर र तुच्छवर्गका भए तापनि हामीले नसुनेका र नजानेका होइनौं। हाम्रा धर्मगुरुहरूले ती पापहरूका विषयमा धेरै चोटी मञ्चबाट प्रकाश पारेका नै हुन् र सतर्क पनि गराएका छन्। सुन्नेहरूले नै नसुनिदिए भन्नेको के लाग्छ र? यी सबै विषयहरू हाम्रा आस्था र शास्त्रका केन्द्रबिन्दुहरू नै हुन् तरै पनि थोरैले मात्र गम्भीरतापूर्वक लिने गर्दछन्। हुनसक्छ, मानसिक आलस्यको कारणले शास्त्रका अधुरा ज्ञान आर्जन गरेकाले होलान् वा त "जता मल्खु उतै ढल्कु" हुने आदतका चरित्रको कारणले भ्रममा परेर सत्यको सामना गर्नबाट चुकेर होलान्। यी कुराहरू व्यक्ति–व्यक्तिमा निर्भर गर्दछ। भनाई छ–एकपल्ट बप्तिस्मा पाई सकेपछि सबै पापहरू क्षमा भइहाल्छन्। निःसन्देह "बप्तिस्मा संस्कार"मा त्यो शक्ति मौजूद छन्। त्यो हाम्रो आस्थाको केन्द्र नै हो तर तत्पश्चात पाप गर्ने "लाइसेंस" होइनन्। बप्तिस्मा लिन अघि यदि हामीले आफ्नो अतीतका पापहरूको निम्ति पूर्णरूपले पश्चताप र क्षमा याचना गर्यौं र "बप्तिस्मा" संस्कार साँचो मनले पवित्र तृत्व परमेश्वरको नाममा ग्रहण गर्‍यौं भने हाम्रो आदि पाप र हामीले बप्तिस्माका अघिसम्म गरेका सबै व्यक्तिगत पापहरूका क्षमा निश्चित रूपले प्रभु ईशु ख्रीस्तका क्रूसको महाबलिदानको पुण्यफलद्वारा प्राप्त गर्न सक्छौं। त्यसमा दोमत छैन। तर त्यसै मुहूर्तमा हामीले फेरि पाप नगर्ने र निष्कलंक रहने दृढ़ संकल्प पनि गरेका हुन्छौं नी। त्यो सर्त हामीले आफ्नो दैनिक जीवनमा कतिको पालन गरेका हुन्छौं, ठूलो प्रश्न चिह्न लाग्दछ। त्यसको लेखा–जोखा हाम्रो आफ्नै दैनिक जीवनका व्यक्तिगत अनुभवहरूका लाम–लस्कर र ढ़ाक–छोपका उपायहरूले स्वतःस्पष्ट पार्दछन्। टाढ़ा जान पर्दैन। अर्को ठोस कुरा, "बप्तिस्मा" पछि पनि हामी संसारमै रहन्छौं र यसै धरतीलाई आफ्नो कर्मभूमि र पुण्यभूमि बनाउँछौं, स्वर्गमा लगिएका त हुँदैनौं। त्यसैले यस धरतीले बिछ्याएकी धेरै माया–जालहरूका पासामा सजिलैसँग तर्कंदा–तर्कन्दै पनि फस्ने गर्दछौं– हाम्रो चंचल मन र पाँच इन्द्रियहरूको कारणले। यो कुरा नयाँ होइन, युगौंदेखि चलिआएको हो अनि युगौंसम्म नै चलिनै रहनेछ जबसम्म यस धरतीमा मानवजातिले बास गरेका हुनेछन्। सत्य युग जस्ता

समयमा पनि सम्पूर्ण त्यागी तपस्या गरी ब्रह्मऋषि बन्न हिमालयतर्फ लागेका लक्ष्यभेदी ऋषि विश्वमित्र जस्ता महारथीलाई पनि मेनुकाका सुन्दरता र रम्भाको छमछमले दुइ–दुइपल्ट बाटो छेकेकै थियो भने हामी जस्ता यस कलियुगका उपजहरू कुन खेतका मूलीहरू हौ र पाप नगर्ने? पाप त हाम्रो नसा–नसामा नै छ कारण सृष्टिको शुरूवातदेखि नै मानव जातिले पापको भारी वा विरासत त बोकेरै आएका छन्। त्यो कहाँ बिसाउने? थप शैतानको परीक्षाले त झन् प्रशान्त महासागर जस्तो शान्त जीवनलाई पनि अटलांटिक महासागर जस्तै तूफानी बनाई दिन्छ नै। त्यसैले सुखै–सुखमा पालिएका पहिलो मानिसले पनि अहमको भ्रममा फसेर कृपाको दशाबाट सुइकुच्चा ठोक्न परेको थियो। अर्का एक जातिका सृष्टिका कथामा पनि नारीको जवानीको दिवानीपनले अन्धो भइ आफै र आफ्नै दाइलाई पनि कृपाको दशाबाट खसाली दिएकी थिइन्। भन्नुको तात्पर्य हाम्रा चंचल मन र पाँच इन्द्रियहरू कहिल्यै शान्त र स्थिर रहदैनन्। हाम्रो चंचल मन नारदमुनी जस्तै तीनै लोकका सैर गर्न हिंडी हाल्दछ र कहाँ पुगेर के विराइ पठाउँदछ, अड्कल काट्न गाह्रो पर्दछ। त्यो कालचक्र चली नै रहन्छ, कहिल्यै चेत्दैन जबसम्म शरीरमा प्राण रहन्छ। मनलाई चन्द सेकेण्ड पनि बसमा वा पिंजड़ामा कैद गरेर राख्न नामुम्किन हुँदछ, त्यसो गर्न चाहे त्यो अझ उग्र भइदिन्छ। त्यसैले मन र पाँच इन्द्रियहरूका जुगलबन्दीका बसमा पर्न गए रूद्रताण्डव गर्न लागिन्छ र रोग खुट्याउँन अघि नै 'पोस्टमोर्टम' गर्न पट्टी लागिन्छ। हाम्रा बेलगाम जुबानले पल–पल शकुनी र मन्थराका भूमिका निभाइ रहेकै हुन्छ। कसैका मुखबिर पनि बनिहाल्दछौं। त्यसैले भनिएका होलान् : कि त "भगवानले वा त शैतानले मात्र पाप गर्न सक्दैनन्।" यसै परिबन्दमा ईश्वर भलाई र सच्चाईका प्रतिरूप हुन् त्यसैले उनले बुराई गर्न सक्दैनन्। यसै प्रसंगमा शैतान बुराईको प्रतिरूप हो। उसबाट भलाईको अपेक्षा गर्नु उसको पाप हो। त्यो उसले गर्नै सक्दैन। हामी मानव शैतानको जालबाट फुत्कन असंभव मात्र नभएर नामुमकिन पनि हुँदछ। त्यसले प्रभु ईशु ख्रीस्त जस्ता परमेश्वरका एकलौते पुत्र सम्मलाई पनि जान्दा–जान्दै फसाउने कोशिश गरेकै थियो। त्यसैले बाइबलका धेरै जग्गाहरूमा "सतर्क वा चनाखो बस" भनिएका छन्। त्यसैकारण मानौ या नमानौ, चेपारोमा पर्नेहरू त हामी कमजोर मानवजाति नै हौं। त्यसैले हामी "भीड़को चिन्डो न उँधो न उँभो" भएका हौं। उँभो लाग्नको निम्ति पाप रहित जीवन यापन गर्नु पर्दछ, अग्निपथमा हिंड्नु पर्दछ, कठीन मेहनत र परिश्रम गर्नु पर्दछ, धर्म र सत्कर्मिताको साँगुरो मार्ग अपनाउनु पर्दछ जो सबैका प्यालाका चिया होइनन्। शैतानले चौढ़ा र सहज बाटोमा हिंड्न र आत्मा हराउन उस्काईरहेकै हुन्छ। त्यसैले लापरवाही र उँधोमति लागेकाहरूका जीवन शैलीलाई सुधार्ने कुनै ओखती नै छैनः "भीड़ लागेको गोरूलाई राम भन्न सकिन्छ काँध हाल्न सकिँदैन" भने जस्तो। त्यस्ताहरू पनि परमेश्वरकै सन्तान र ईश्वरकै अमर आत्माधारी भएका हुनाले प्रभु ईशु ख्रीस्त स्वयम् त्यस्ताहरूलाई खोज्न र बचाउन आएका थिएः "म ता सत्कर्मीहरूलाई होइन, पापीहरूलाई बोलाउन आएको हुँ!" (मार्कस २:१७; मत्ती ९:९–१३; १ तिमोथेअस १:१५)। त्यसैले पापीहरू पाप मुक्त हुनको निम्ति प्रथमतः आफ्नो पापहरू स्वीकार गर्नु पर्दछ र साँचो मनले पश्चताप गर्नु पर्दछ र फेरी पाप नगर्ने दृढ़ संकल्प गर्नु पर्दछ र निर्दोषहरूलाई पनि परीक्षमाा पार्नबाट जोगिनु पर्दछ। परमेश्वरले पनि पश्चताप गर्ने एकैजना पापी पनि नाश नहोस् भन्ने चाहन्छन्, (मत्ती १८:१४)। त्यसैले आफ्नो एकलौते पुत्रलाई समेत शर्मनाक र मार्मिक क्रूसको मृत्यु भोग्न लगाएर मानवजातिको उद्धार गरिदिनु भएका हुन्। ख्रीस्त प्रभुले आफैसँग मर्दै गरेका पश्चतापी डाकूलाई अन्तिम घड़ीमा पाप क्षमा गरिदिनु भएर पश्चतापको शक्ति र पश्चताप गर्ने पापीहरूले क्षमा पाउँन सक्छन् भन्ने मिसाल खड़ा गरिदिएर (लूकस २३:४२–४३) आफ्नो पुनरूत्थानपछि चेलाहरूलाई

साक्षातरूपले दर्शन दिनुभयो र पवित्र–आत्माद्वारा अभिषेक गरी पापको क्षमादान गर्ने दैविक शक्ति र अधिकार आफ्ना चेलाहरू मार्फत् पुरोहितहरूलाई प्रदान गरिदिनु भयो जसलाई उनीहरूले "मेलमिलाप संस्कार"द्वारा कार्यन्वित गर्दछन्, (जोहन २०:२३)। लेंटका समयमा मण्डलीका छः हुकूमहरूमध्येका दोस्रो हुकूम र क्यानन लाँ का धारा ९८९ ले पनि वर्षामा कमसे कम एकपल्ट "इस्टर ड्यूटी"को अनुरूपमा मेल–मिलापको संस्कार ग्रहण गरी "पवित्र परमप्रसाद" ग्रहण गर्न आह्वान गर्दछन्। सन्त पिता फ्रान्सिसले पनि यस संस्कारको महत्त्व र आवश्यकतालाई राम्ररी बुझी लोकप्रिय बनाउनको निम्ति धेरै कदमहरू तालेका छन्। उनी जस्ता मण्डलीका शिष धर्मगुरुले पनि यस संस्कारलाई निरन्तर ग्रहण गरिरहँदछन् जसले यस संस्कारको महत्त्व र महानतालाई जाहेर गर्दछन् र हाम्रो निम्ति प्रेरणाका श्रोत बन्दछन्। त्यसैकारण "लेंट"को समयमा गिर्जाहरूमा "मेल–मिलाप" संस्कारको व्यवस्था व्यापकरूपले मिलाइएका हुन्छन्। सुयोग्य ठहरिएकाहरूले यो संस्कार ग्रहण गरेर निष्कलंक भइ मण्डलीका मूल धारामा सामेल हुने सौभाग्य पनि प्राप्त गर्दछन्। त्यसबाहेक पनि यो संस्कार साधारणतः वर्षैंभरि नै उपलब्ध गराइएका हुन्छन्। आत्माहरू बचाउनको निम्ति यो संस्कारको महत्त्व, उपयोगिता र आवश्यकताको कारणले हाम्रा पुरोहितहरूले पनि प्राथमिकता दिँदछन् र प्रदान गर्न २४ X ७ नै तत्पर रहँदछन्। तर आवश्यक परेकाहरू नै नगइदिए कसको के लाग्छ रः "प्यासी धाउँछ कि पधेरा" भने जस्तो। पन्धेराले खोलै बगाइदिए पनि प्यासीले एकै थोपा पनि नपिई दिए घमण्डी डाकूसरह भएनन् र, (लुकस २३:३९)? कहिले, कहाँ, कुन स्थितिमा यो दियो झ्याप्प निभ्न सक्छ, कसले भन्न सक्ने? तब के? कृपाको दशमा नरहेको भए के हुने हो? गम्भीरतापूर्वक सोच्ने विषय हो। त्यसैले हरदम यो संस्कारद्वारा आफ्नो आत्मालाई परिष्कृत गरी कृपाको दशामा रहनु नै आफैलाई प्यारो गर्नु हो।

साँच्चै भनौ भने यो तारनाहार संस्कार अति नै महान्, गम्भीर र प्रभावशाली रहेछन् भन्ने कुरा जसलाई पर्दछ उसैले मात्र थाहा पाउँदछन् भन्ने तथ्य अकाट्य छन्। जब म र मेरी श्रीमतीलाई २ नोवेम्बर २०२१ मा एकैसँग कोविद–१९, लाग्दा, म अत्यन्तै भयाकूल भएको थिएँ र आत्तिन लागेको थिएँ। श्वास–प्रश्वास पनि अनियमित हुन् लागेको थियो। चारैतिर मानिसहरू थिए। म अस्पताल जानभन्दा अघि आधा–रातमा फादरकहाँ दरवाजा ढ़कढ़काउन पुगें। "मेले मिलाप"को संस्कार ग्रहण गरें। तब मात्र मेरो आत्माले शान्ति पायो, मन पनि स्थिर हुन् लाग्यो र श्वास–प्रश्वास पनि लयबद्ध हुँदै गयो। घरमा गएर सबै साना–ठूलाहरूलाई माफ माँगे र कोविद–१९ सँग लड़ने साहस र प्रेरणा पाएँ। श्रीमतीको मनोबलले संजिवनी कै काम गरेको थियो। ४/५ दिनको चिकित्सापछि अस्पतालबाट दुवै पति–पत्नी डिस्चार्ज भयौं र १४ दिनको क्वारणटाइनको अवधि सिलिगुड़ी मै रहेर बितायौं र नेगेटिभ रिपोर्ट आएपछि घर फर्क्यौं। त्या महान संस्कार नभएको भए, म जस्तो मनोबल टुटेर हतास भइसकेको मानिसको के हाल हुने थियो होला? अहिले कल्पनासम्म पनि गर्न सक्दिनँ। यो दोस्रो जीवन त्यसै संस्कारको बदौलत हो भनी ठोकुवा लगाउनमा मलाई किन्चित मात्रामा पनि हिचकिचाहट लाग्दैन। अब म मूल विषय, शीर्षकमा उल्लेखित तीन गम्भीर पापहरूका विषयमा हाम्रा शास्त्रले के भनेका छन् भन्ने विषयमा क्रमैसँग प्रकाश पार्न अग्रसर हुँदछु। आगामी लेंटको समयमा शायद यी विषयहरू गम्भीर चिन्तन–मननका विषय वस्तु बन्न सक्लान्ः

**(१) पवित्र आत्माको विरूद्ध निन्दा/ "ब्लासफेसी"को पाप :** शास्त्रमा प्रभु ईशु ख्रीस्त जीवित परमेश्वरका एकलौते पुत्र र हाम्रा मुक्तिदाता जसले आफ्नो प्राणको आहुति दिएर हाम्रो आदि पापको दाग सदा–सदाको निम्ति मेटाइ दिएका थिए र पुनः परमेश्वरका पुत्र–पुत्री हुने ठूलो सौभाग्य

सम्पूर्ण मानवजातिलाई दिलाई दिएका थिए, उनकै मुखारबिन्दबाट प्रस्फुटित भएका वचनहरूले भन्दछन्ः "म तिमीहरूलाई भन्दछु, प्रत्येक पाप र ईशु निन्दा गर्ने मान्छेलाई क्षमा दिइनेछ तर आत्मा–विरूद्धको ईश–निन्दाचाहिँ क्षमा गरिने छैन। अनि यदि कसैले मानव–पुत्रको विरूद्धमा केही भन्छ भने त्यो उसलाई क्षमा गरिनेछ; तर यदि कसैले पवित्र–आत्माको विरूद्धमा केही भन्छ भने त्यो उसलाई क्षमा गरिने छैन, न त यस युगमा, न आउँदोमा"(मत्ती १२ः३१–३२)। फेरि पनि प्रभुले जोड़ दिएर भनेका छन्ः "म भन्छु, सबै पापहरू र कस्तै ईश–निन्दा भए पनि मानिसलाई क्षमा गरिनेछ; कसैले पवित्र आत्माको निन्दा गरे, कहिल्यै क्षमा पाउँदैन; उ अनन्त पापको दोषी हुन्छ" (मार्कुस ३ः२८–२९)।यहाँसम्म प्रभुले जोर दिएर भनेका छन् किः "मानव–पुत्रको विरूद्धमा बोल्ने प्रत्येकलाई क्षमा दिइन्छ तर पवित्र आत्माको निन्दा गर्नेलाई कदापि क्षमा दिइने छैन," (लुकास १२ः१०)। "पवित्र आत्मा" परमेश्वर कै आत्मा हुन्, प्रभु ईशु ख्रीस्त कै आत्मा हुन्। त्रिएक परमेश्वरका रहस्यका एक अभिन्न अंग हुन्। त्यसै महान् अमर आत्माको अंग हाम्रै आत्मा पनि हो। त्यसैले त्यति महान् र व्यापक आत्माको खिलाप निन्दा गरिसकेपछि कसरी हामीले हाम्रो आत्माले चाहिँ अनन्त जीवन पाउने आशा राख्न सक्दछौं र? आफू बसेको हाँगा आफैले काटिसकेपछि आड़ के मा लाग्ने? त्यसैले त्यस्ता भयंकर अपराधबाट आफैलाई कोशौं टाढ़ा राखे "इलाजभन्दा बेहतर रोकथाम" हुन सक्नेछ। धेरैले क्यरिसम्याटिक प्रार्थना, हिलिंग प्रार्थना, सामूहिक प्रार्थना आदिको खिल्ली उड़ाउने गर्छन्। शास्त्रमा भनिएका छन्ः "जहाँ दुइ वा तीनजना मेरो नाममा भेला हुन्छन् म त्यहाँ उपस्थित हुन्छु" (मत्ती १८ः२०)। त्यसरी प्रभु स्वयम् प्रार्थनाहरूमा पवित्र आत्माको रूपमा उपस्थित भएका हुन्छन्। त्यसैले अहम् देखाएर र सस्तो लोकप्रियता कमाउनको निम्ति ढ़ोग नगरेकै राम्रो। त्यस्ता अनुष्ठानहरू जहाँ कहीं नै किन आयोजन गरिएको किन नहोस्, सम्मान गर्नै पर्दछ। त्यसैले अग्रसोची बनेर सतर्क रहे भड़्खालोमा पर्नबाट जोगिन सकिनेछ।

(२) जानी–बुझी धर्मलाई त्यागेको वा लत्याइएको पापः "धर्म" नै जीवन र मृत्युको संगम हो। सम्पूर्ण मानवजाति धर्म नै जन्मछन्, धर्ममै जिउँछन्, धर्ममा नै मर्छन् र धर्मकै विधिअनुसार अन्तिम बिदाई पनि पाउँदछन्। त्यसैले भय खाएर वा अल्प वा क्षणिक लाभको निम्ति आफ्नो जन्मसिद्ध धर्मलाई त्याग्नु र अन्य धर्म अपनाउनु नामर्द हुनु हो। शास्त्रले भनेका छन्ः "कारण एकपल्ट प्रकाश पाइसकेकाहरू, स्वर्गीय देन चाखेका र पवित्र आत्माका सहभागी भएकाहरू, परमेश्वरका सुवचन र भावी युगको शक्ति चाखिसकेकाहरू, त्यसबाट गिरेपछि पश्चतापमा नव–निर्मित हुन असक्त हुन्छन्, किनभने उनीहरूले ईश–पुत्रलाई क्रुस्याइरहेका हुन्छन्, गिज्याइरहेका हुन्छन्", (इब्रनिहरू ६ः४–६)। अझ भनिएका छन् ः "हाम्रा प्रभु तथा मुक्तिदाता ईशु ख्रीस्तको ज्ञानद्वारा सांसारिक पतनबाट उम्केर फेरि यसैमा अल्झिन पुगेर त्यसको वशमा परे, अघिको अवस्थाभन्दा पनि उनीहरूको यो पछिल्लो अवस्था साह्रै शोचनीय हुन्छ" (२ पेत्रुस २ः२०–२१)। त्यसैकारण लहूगवाहीहरूले आफ्नो धर्मको रक्षा गर्न लहू दिएका हुन्। योभन्दा ठूलो उदाहरण आजको परिवेशमा अरू कुनै हुन् नै सक्दैन। आफ्नो साँचो धर्मलाई त्याग्नु नै परमेश्वरलाई त्याग्नु हो।परमेश्वर बिनाको जिन्दगी पानीबाट फ्याकिएको माछाको जस्तो हुन्छ भन्ने प्रमाण आदम र हेवाको पतनपछिको जिन्दगीका हृदय विदारक घटनाहरूले जाहेर गर्दछन्, (उत्पत्तिः अध्याय ३)। शास्त्रले पनि स्पष्टरूपले भनेका छन्ः "सारा संसार पाएर आत्मा हराई पठाए के लाभ" (मत्ती १६ः२६; मार्कस ८ः३६)। त्यसैले आफ्नो धर्मलाई त्याग्नुभनदा मर्नै निको भनी एउटी विधवा आमाले आफ्ना सात भाइ छोराहरूका बलिदान दिएकी थिइन्, (२ मकाबीहरूको ७ अध्यायमा)। यो घटना आजका पुस्ताका निम्ति प्रेरणाका श्रोत बन्दछन्। परीक्षा सबैलाई आउँछ नै, प्रभु ईशु ख्रीस्त स्वयंलाई पनि

तीन–तीन जटिल परीक्षाहरू आएका थिए। उनले एक–एकलाई शास्त्रका वचनहरूद्वारा परास्त गरिदिए धर्मको रक्षा गरेका थिए, (मत्ती ४:१–११)। त्यही उदाहरण आजको घर वापसीको दबावको दौड़मा प्रेरणाका श्रोत बन्न सक्छन्। त्यसैले शास्त्रको ज्ञान हुनु र आफ्नो विश्वासमा अटल रहनु अनिवार्य पर्दछ। पवित्र बाइबल परमेश्वरका जीवित वचन हुन्, पापहरूबाट बचाउने ढ़ाल हुन्, त्यसैले अध्यन गरिरहे दैविक शक्तिले अनर्थ हुनबाट बचाउने छन्। प्रार्थनाको शक्तिले मानिसलाई ईश्वरसँग जोड्न सक्दछन् र ईश्वरलाई नै धरतीमा उतार्न सक्दछन् र हामीले उद्धार पाउँन सक्दछौं। हामीले हाम्रो अन्तिम दिनको निम्ति सोच्नु पर्दछ। कोही पनि दु:ख–कष्ट भोगेर अरूका बोझ बनेर मर्न चाहँदैनन्। सबै कृपाको दशा मैं परमेश्वरको सम्मुख मर्न चाहँछन्। त्यसैले यही वरदान माग्नको निम्ति संस्कृतमा अति सुन्दर भावमा प्रार्थना गरिएका छन्: "अनायासें मार्नम्, बिना देन्येन जीवनम्! देहान्त तव सानिध्यम्, देहि मे परमेश्वरम्!!" (कष्टमा मर्न नदिनु होस्, कसैमा भर पर्न नपरोस्, मृत्यु ईश्वरको सम्मुख होस्, हे परमेश्वर मलाई यस्तो वरदान दिनुहोस्)। यस्तो वरदान माग्ने शख्सलाई दुनियाको कुनै पनि शक्तिले धर्म त्याग्न वा परिवर्तन गर्न बाध्य गराउन सक्दैन।

**(३) परमेश्वरको पवित्र नामको निन्दा गर्नु एउटा भयङ्कर पाप हो :** "तिमीले प्रभु आफ्नो परमेश्वरको नामको कुप्रयोग गर्नेछैनौं, कारण प्रभुले आफ्नो नामको कुप्रयोग गर्नेलाई दण्ड दिए बिना छोड्नु हुनेछैन," (निर्गमन २०:७)। यो परमेश्वरले मोइजालाई सिनाई पर्वतमा दिएका दश आज्ञाहरूमध्येका एक आज्ञा हुन्। जसले विश्वास र नैतिकताका महत्त्वपूर्ण पहलुहरूमाथि प्रकाश पार्दछन्: जस्तै अरूलाई धोखा धड़ीमा पार्न र सही कुरालाई उल्टा–पुल्टा पार्न ईश्वरका नामको गलत अनि अपमान जनक ढंगले प्रयोग गर्दछन् र उनको अति पवित्र नाम लिएर झूठो कसम खाँएर कलंकित पार्दछन्, उनको नाममा भिख माँग्दछन्। त्योभन्दा बढ़ता अपराध अरू के हुन् सक्छ र? त्यसैले ईश्वरको पवित्र नाम व्यर्थमा नलिनु र गलत तरिकाले आफ्नो फायदाको निम्ति प्रयोग नगर्नु भनिएको हो। यसो गर्नाले ईश्वरको पवित्र नामलाई अपवित्र र कंलग्कित गराइन्दछन् र आत्मा मारो महा पापको भागेदारी आफैलाई बनाइन्दछ। त्यो भन्दा दुर्भाग्यपूर्ण अरू के हुन सक्छ र? अर्का एक जग्गामा यसो पनि भनिएका छन्: "म ता तिमीहरूलाई भन्छु: पटक्कै कसम नखाऊ; स्वर्गको नाम लिएर होइन कारण यो ता परमेश्वरको सिंहासन हो; पृथ्वीको नाम लिएर होइन कारण यो वहाँको पाउदान हो; यरूशलेमकै नाम लिएर होइन कारण यो ता महान् राजाको शहर हो," (मत्ती ५:३४–३५)। त्यसैले "क्रुस"को चिह्न बनाउँदा पनि भक्तिभावले बनाउँनु पर्दछ कारण क्रुसको चिह्न बनाउँदा त्रिएक परमेश्वरका पवित्र नाम पुकारिएको हुन्छ। त्यसैले "क्रुस" हाम्रो मुक्तिको चिह्नको अवहेलना गर्नुहुँदैन। भक्तिभावले क्रुसको चिह्न बनाउनु पनि संक्षिप्तरूपले प्रार्थना गर्नु हो।

परमेश्वर ईर्ष्यालू हुनुहुन्छ (निर्गमन २०:५–६; ४–५; विधानको द्वितीय संहिता: ५:९; ६:१५), त्यसैले उनको इच्छा विरूद्ध गर्न गए आदम र हेवालाई जस्तै दण्डित गर्न सक्छन् (उत्पत्ति ३:१६–२३) र सोदोम र गोमोरालाई जस्तै भष्म पार्न सक्छन् (उत्पत्ति १९:२३–२६)। परमेश्वरले पापीहरूका ३/४ पुस्तासम्मलाई दण्डित गर्न सक्छन् (निर्गमन ३४:७): लोकोक्ति छन्: "पुस्ताको पाप लागेको", त्यसैले बिराउन अघि गम्भीरतापूर्वक सोच्नु पर्दछ। परमेश्वर दयालु र कृपालू हुँदा–हुँदै पनि न्यायिक हुनुहुन्छ। उनको प्रेम र धर्यलाई कसौटीमा परिक्षण गर्नु हुँदैन। त्यसैले उनको भय राख्नु र सर्वोच्च आदर र सम्मान दिनुबाट कहिल्यै चुक्नु हुँदैन। सृष्टिको बुनियादी कर्त्तव्य नै सृष्टिकर्ताको आराधना र महीमा गर्नु हो। भुल्नु हुँदैन। तब मात्र हामी परमेश्वरका लायक र मनपर्दो पात्र–पात्रा बन्न सक्नेछौं। जोहन किट्सले भने झैं "Beauty is truth, truth beauty-that is all/Ye know on earth, and all ye need to know."

# सम्झनामा पुरणसिंह (पेट्रिक) गुरूङ

– क्लाउड गुरूङ
मेरी मदरअफगड चर्च,
रेलीरोड, कालिम्पोङ।



पुरानो व्यवस्थाको पहिलो पुस्तक उत्पत्ति ग्रन्थमा पिता परमेश्वरले सृजना गर्नुभएको सृष्टिहरूका विवरण हामी पाउँछौ। परमेश्वरले ६ दिनसम्म लगातार तारा, नक्षत्र, सूर्य, चन्द्र परिवार अर्थात सारा ब्रह्माण्ड अनि थरी–थरीका जीव–जन्तुहरू इत्यादि रच्नुभयो। ती सबैलाई उहाँले सुन्दर देख्नुभयो अनि अति प्रसन्न हुनुभयो। किनकि कुनै पनि सृष्टि तुच्छ अनि अर्थहीन थिएनन्।

परमेश्वरले आफ्नै स्वरूपमा मानव बनाउनुभयो, परमेश्वरकै स्वरूपमा उसलाई बनाउनुभयो, पुरूष–स्त्री तिनीहरूलाई बनाउनुभयो अनि उहाँले संसारलाई वशमा गर्नसक्ने कृपा उनीहरूलाई दिनुभयो। यसैले उ शरीरमा मात्रै बनिएको होइन तर उसमा आत्मा पनि छ। उ पिण्ड अनि चैतन्य दुवैको संगम हुन्। उ परमेश्वरको श्रेष्ठ सृष्टि हुनाले, उसको दायित्व समाज निर्माणमा उत्तिकै जरूरी ठहरिन्छ।

मान्छे मात्रै यस्तो प्राणी हो जसले आफ्नो विवेकको कारण आफैलाई परिवर्तन गर्न सकेका छन्। उसको विवेकले उसलाई प्राणीहरूभन्दा शक्तिशाली बनाएको छ। वास्तवमा मनुष्यको बुद्धि अरू प्राणीहरूको बुद्धिभन्दा वैशिष्टयपूर्ण छ। उसमा राम्रो–नराम्रो छुट्याउने गुण–अवगुण दुवै हुन्छन्। उसमा त्यो विशेषता छ जसले आफ्नो परिवार, समाज तथा परिवेश बिर्गान पनि सक्छन् वा बनाउन पनि सक्छन्।

ग्लेनबर्न् चियाबगानमा ख्रीस्तीय विश्वासको अरूणोदय सन् १९६० सालतिर यतादेखि भएको हो भन्ने मानिन्छ। हाम्रै दार्जीलिङ पहाड़का दुइभाइ ख्रीस्तीय विश्वासका प्रचारक मिशिनेरी स्व. सर आइमन गुरूङ अनि स्व. डाक्टर किरण मोक्तान, ख्रीस्त विश्वासको बीउ छर्ने प्रथम खेतालाहरू थिए। उनीहरूको अथक प्रयास र ख्रीस्त ईशुप्रतिको समर्पित भावको कारण त्यस क्षेत्रमा तीन–चार परिवारहरूदेखि ख्रीस्तीय मण्डलीको शुरूआत भयो। तर परमेश्वर पिताको अथाह प्रेम अनि पवित्र आत्माको अपरिमित संगतिमा मण्डली बढ़दै गयो। त्यो सानो मण्डली आज ५० परिवारहरूको ठूलो मण्डली भएको छ। ग्लेनबर्न् पल्लीको संस्थापक स्व. आइमन गुरूङ अनि स्व. किरण मोक्तानलाई पल्लीवासीले कदापि बिर्सन सक्दैन। हो प्रभुको काम गर्न कहिल्यै सहज त हुन्न। तर मनमा ठाने, त्यो काम गाह्रो पनि हुन्न।

पहाड़की रानी ग्लेनबर्न् पल्लीको इतिहासको चर्चा गर्दाखेरि एउटा नामलाई पनि कदापि भुल्न सक्दैनौं। वास्तवमा उनलाई पनि पहाड़की रानी ग्लेनवर्ण पल्लीको सह–संस्थापक अथवा अनुप्राणदाता भनी सम्बोधन गर्नमा अपवाद नहोला। उनी हुन् स्वार्गीय श्री पुरणसिंह गुरूङ (पेट्रिक)।

स्व. पुरण गुरूङको जन्म लिङ्गे चियाबारीको भट्टीधुरा गाउँमा सन् १९३१ सालमा भएको थियो।

कालान्तरमा उहाँ ग्लेनबर्न् चियाबारीमा बसाईंसरी वहाँको बासिन्दा हुनुभयो। उहाँ आफ्नो माता–पिता स्व. पदम गुरूङ अनि स्व. कृष्णामाया गुरूङको जेष्ठ सुपुत्र हुनुहुन्थ्यो। स्व. श्री पुरणसिंह गुरूङ (पेट्रिक) ख्रीस्तीय धर्मावलम्बन पछि पेट्रिक गुरूङ नाउँले परिचित हुनुभयो। उहाँको शिक्षा आजर्नबारे लेख्नपर्दा उहाँले सन् १९५५ सालमा दार्जीलिङ **रामकृष्ण शिक्षा परिषद**बाट स्कूल फाइनल अर्थात मेट्रिक पास गर्नुभएको हो। विवाह त परमेश्वरले जुराइदिनुभएको जीवन साथीसित नै हुन्छ भने जस्तै उहाँले श्रीमती स्वर्गीय राधा मरिना गुरूङलाई बिहे गर्नुभयो। एक छोरा एक छोरीको रूपमा परमेश्वरले यी विवाहित जोड़ीलाई अनुगृहित गर्नुभयो। परिवारको पालन–पोषणको दायित्व निर्वाह गरेपश्चात् उहाँ डुवर्सको भगतपुर चियाकमानमा नोकरी गर्न पुग्नुभयो। त्यहाँको भीषण गर्मीको कारण नानीहरूको स्वास्थ बिग्रन थालेपछि उहाँ आफ्नो परिवारलाई लिएर पुनः दार्जीलिङ फर्कनुभयो अनि स्थायीरूपमा ग्लेनबर्न् चियाबारीको बासिन्दा हुनुभयो। यसै अवधिमा उहाँको सर्म्पक आइमन गुरूङ अनि किरण मोक्तानसित भएको थियो। उहाँहरूको शिक्षाले प्रभावित भएपश्चात् अन्ततः सन् १९७० सालमा उहाँलगायत सम्पूर्ण परिवारले नै ख्रीस्तीय धर्मअवलम्बन गर्नुभएको हो। यही समयदेखि उहाँको ख्रीस्तीय विश्वासको यात्रा शुरू हुन थालेको हो।

मान्छेले आफ्नो परिचय आफ्नै कर्महरूले स्थापित गरेका हुन्छन्। समाजप्रति दिएको सेवा अनि समर्पित भावहरूले उसलाई स्मरणीय बनाउँछन्। यस्ता मानिस नै त समाजका विभूति हुन्, गहना हुन् अनि हामीलाई समाजिक दायित्वको बोध गराउने दर्पणहरू हुन्।

स्व. आइमन गुरूङ अनि स्व. किरण मोक्तान हप्तामा दुइचोटि धर्मशिक्षा दिन ग्लेनबर्न् आउँथे। तर अरू दिनहरूमा आइमन सरको घरमा परिवारहरूलाई भेला गराएर भजन, प्रार्थना अनि धर्मशिक्षा स्व. पुरणसिंह (पेट्रिक) गुरूङले गराउँथे। ख्रीस्तीय समुदायमा प्रचलित कालजयी भजन "जहाँ प्रेम औ दया छन्, त्यहाँ ईश्वर छन्..." अनि "क्रूसबाट ईशुले भन्दछन् मलाई मेरो पुकार सुनन ..."भन्ने गीतहरूको धुनको रचयिता स्व. पुरणसिंह (पेट्रिक) गुरूङ नै हुनुहुन्छ।

ग्लेनबर्न्मा भर्खैरै विश्वासमा उठ्न थालेको अनि हिंड्न थालेको मण्डलीलाई एउटा गोठालाजस्तो भएर विश्वासको यात्रामा डोह्याउनु हुने स्व. पुरणसिंह (पेट्रिक) गुरूङको योगदान मण्डलीमा अविस्मरणीय छ। उहाँ मण्डलीको देखरेखमा निरन्तर लागिपर्नु हुनुहुन्थ्यो अनि उहाँको सानिध्यमा मण्डलीले पनि एउटा दह्रिलो नेतृत्व पाएको थियो। स्व. पुरणसिंह (पेट्रिक) गुरूङको प्रसंगमा भन्नुपर्दा प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइनस्टाइनको भनाई मिलेकोजस्तो लाग्छ– "जिन्दगी एक साइकल जस्तै हो। यदि यसलाई सन्तुलित बनाएर अगाड़ि बढ़ाउने हो भने पाइडल निरन्तर चलाइ रहनुपर्छ।"

स्व. पुरण गुरूङसिंह (पेट्रिक) गुरूङ एक संगीत सर्जक मात्रै थिएनन् तर उनी समाजसेवी पनि हुनुहुन्थ्यो। त्यसताक कमानमा शिक्षा आर्जनको सुगम व्यवस्था नभएको कारण उहाँले बेलुकी कामबाट छुट्टी भएपछि कमानको भाइ–बहिनीहरूलाई पढ़ाउने गर्थे। उहाँकै माध्यमबाट धेरैले नोकरी पनि पाए।

स्व. पुरणसिंह (पेट्रिक) गुरूङ खेलप्रेमी पनि हुनुहुन्थ्यो। कमानका भाइहरूलाई उहाँले लात्तेभकुण्डोको प्रशिक्षण दिनुहुन्थ्यो। उहाँकै प्रशिक्षण पाएर कमानबाट धेरै प्रसिद्ध खेलाड़ीहरू निस्कन सके। सायद खेलप्रति उहाँको रूची भएको हुनाले आफ्नो घर पनि मैदान नजिकमा नै बनाउनु भएको होला।

सन् १९९० सालमा सेवानिवृत्त भएपश्चात् आफ्नो सम्पूर्ण समय मण्डली निर्माणमा लगाउनुभयो। उहाँ मण्डलीबारे सधैँ चिन्तित हुनुहुन्थ्यो। उहाँले आफ्नो आफ्नो अवकाशप्राप्त जीवनलाई कहिल्यै खेरो फाल्नुभएन तर धर्मशिक्षा दिनु, आध्यात्मिक साधाना अर्थात् रिट्रिट दिनु, बिमारीहरूसित भेटगरी प्रार्थना गरिदिनु, धर्मप्रान्तको विभिन्न पल्लीहरूमा तत्कालीन आध्यात्मिक साधनाका प्रचारक फादर आब्राहामको सहयोगी बनेर करिश्माई रिट्रिट दिन जानुहुन्थ्यो।

स्व. पुरणसिंह (पेट्रिक) गुरूङ माता मरियाप्रति प्रबल विश्वास राख्नुहुन्थ्यो। उहाँले आफ्नो परिवारलाई एक साँचो ख्रीस्तीय परिवारको आर्दश परिवारमा प्रतिविम्बित गर्नुभएको थियो भन्नमा सायद अतियुक्ति नहोला। परिवारमा काथोलिक धार्मिकताको प्रगाढ़ असर भएको हुनाले परिवारबाट एक बहिनी क्लुनी समाजमा भर्ना हुनसकेकी थिइन् अनि यो पनि सरकारी नोकरी छोड़ेर। मण्डलीबारे सधैँ चिन्तित हुनुहुने स्व. पुरणसिंह (पेट्रिक) गुरूङले पहाड़की रानी पल्लीको भूतपूर्व गुरुबाबु श्री जर्ज लामाज्यूलाई भन्नुहुन्थ्यो–" यो मण्डलीको देखरेख तिमीले नै गर्नुपर्छ।"

धर्मप्रान्तलाई शक्तिशाली, सक्रिय अनि दह्निलो धार्मिकतामा आधारित बनाउनमा धर्मप्रान्तको परिधिभित्र रहेको हरेक पल्लीमा विशेषरूपले जिम्मेवारी पर्नजान्छ। किनकि पल्ली नै हो विश्वास उत्पादनको कारखाना, संरक्षणको बलियो खाँबोहरू हुन्। तर पल्लीका हरेक विश्वासीहरू कार्यकर्ताहरू हुन् जसको सधैँ दायित्व, कर्तव्य, ईमान्दारिता अनि निष्ठाजस्ता शब्दहरूसित परिचितभएको हुनपर्छ अनि बाँचेको पनि हुनपर्छ।स्व. पुरणसिंह (पेट्रिक) गुरूङ यही शब्दहरूका श्रृंखलामा पर्ने कार्यकर्ता हुन् जसले आफ्नो जीवन आफ्नै लागि जिउँनुभएन तर मण्डलीको हीत र उत्थानको लागि व्यतित गर्नुभयो।

प्रस्तुत लेख स्वर्गीय पुरणसिंह (पेट्रिक) गुरूङलाई सम्झनाभित्र बचाइराख्न हेतुले लेखिएको एउटा सुक्ष्म प्रयास हो। यो छोटो परिचयमा उहाँले प्रदान गर्नुभएको योगदानहरू पूर्णरूपले समाहित नभएको होला। मान्छे त आजभोलि आफ्नो जीवनलाई के–कसरी बाँच्ने भन्ने कुरामा अथवा ध्यानमा हुन्छन्। जीवनको पछिपट्टि सधैँ अमूर्त मृत्युको यर्थाथ सत्यतामा बाँचिरहने हामी मानिसजाति यो भुलेका हुन्छौं कि एकदिन यस धरतीलोकबाट जानुपर्छ जसको लागि हाम्रो पूर्णतया तयारी हुनपर्छ। मलाई लाग्छ स्वर्गीय पुरणसिंह (पेट्रिक) गुरूङको जीवन पूर्णतया तयार थियो। असल कुस्ती मैले अन्तिमसम्म लड़ें, दौड़ मैले दौड़ेर मैदान पार गरें, मैले विश्वास राखेको छु। अब त केवल पुरस्कारले मलाई पर्खिरहेको छ भन्ने कुरो दोस्रो तिमोथी ४ अध्यायको ७ देखि ८ पदमा उल्लिखित सन्देश स्व. पुरणसिंह (पेट्रिक) गुरूङको जीवनमा पूर्ण भएको पाइन्छ। उहाँले जिन्दगीको कुस्ती अन्तसम्म लड़नुभई सफलता प्राप्त गर्नुभएको छ। उहाँले ८४ वर्षको उमेरमा २८ फरवरी २०१६ को दिन हामी माझबाट बिदा लिनुभयो। यद्यपि उहाँ ग्लेनबर्न् धर्ममण्डलीको इतिहासमा सदा–सर्वदा एक अमर सन्ततिको रूपमा रहिरहनु भएको छ। ग्लेनबर्न्स्थित पहाड़की रानी पल्लीका सन्ततिहरूले स्व. पुरणसिंह (पेट्रिक) गुरूङको त्याग–तपस्यालाई शाश्वत राख्नेछन् अनि पल्लीलाई एक ज्वलन्त अनि अनुकरणीय पल्ली बनाउनेछन् भन्ने पूर्ण आशा राखिन्छ।

"फ्रेममा हालेर राख्ने आर्दशभन्दा
भोग्न सकिने आर्दश मलाई राम्रो लाग्छ,
बनिसकेको बाटोमा हिंड़नभन्दा
बाटो बनाउँदै हिंड़न रहर लाग्छ।"

– हरिभक्त कटुवाल

# शैक्षिक र सामाजिक सेवाका अभियन्ता बिशप डा. पावल सिमिकः

**एक संक्षिप्त परिचय**



**– मोनिका प्रधान**
दार्जीलिङ।

अति नै मृदुभाषी स्वभाव, ज्ञानले परिपूर्ण अनि गहिरो विचारधारा भएका आदरणीय राइट रेभ. बिशप पावल सिमिकको जन्म कालिम्पोङस्थित गितडब्लिङमा पिता स्व. थोमस सिमिक अनि माता श्रीमती लुसी सिमिकको परिवारमा ७ अगस्त १९६४ मा भएको हो। बौद्ध विश्वासमा रहेका उनको परिवार सन् १९६० को अन्त्यतिर ख्रीस्तीय धर्मविश्वास अवलम्बन गरेका हुन्। यो बोलाहट परमेश्वरकै बोलाहट हो भन्दा दुइ मत हुनेछैन। किनभने सर्वप्रथम परमेश्वरले पावल सिमिकलाई पुरोहितको मार्गमा हिँड़ाउनुभयो। क्रमैसित उनको बहिनी पनि परमेश्वरको बोलाहटबाट आशिषित हुनुभयो। उनी हाल एस.सी.एन. संस्थाका सिस्टर हुनुहुन्छ। यस्तै बोलाहट कान्छा भाइलाई पनि भयो जो जेसुइट सोसाइटीका पुरोहितको रूपमा नेपालमा सेवारत हुनुहुन्छ।

फादर सिमिक सन् २०१३ सालमा नेपाल धर्मप्रान्तका धर्माध्यक्ष बिशपको पदमा नियुक्त भए। नेपाल धर्मप्रान्तमा ११ वर्ष धर्माध्यक्षको रूपमा सेवा पुर्‍याएपछि उनी भारत फर्के। भारत फर्किएपछि गुड सेफर्ड चर्च, बागडोगरामा भएको एउटा समारोहमा भ्याटिकनबाट पोप फ्रान्सिसद्वारा लिखित सन्त पिताको प्रतिनिधिको रूपमा उपस्थित हुनुभएको नुनसियो मोस्ट लियोपोल्डो जिरेल्लीले बिशप सिमिकलाई बागडोग्रा धर्मप्रान्तको निम्ति बिशप नियुक्त गर्नुभयो। उक्त समारोहमा कलकत्ताका आर्चबिशप राइट रेभ. थोमस डी. सूजा, राँचीका आर्चबिशप राइट रेभ. भिनसेन्ट आइन्डको बाहुलीबाट बागडोगरा धर्मप्रान्तका नवनियुक्त बिशप डा. पावल सिमिलाई अभिषेक गरियो। बिशप पावल सिमिक नेपाली समुदायबाट तेस्रो बिशप हुनुहुन्छ।

बिशप पावलले प्राथमिक तहको शिक्षा आफ्नै जन्म क्षेत्रबाट ग्रहण गर्नुभयो भने एस.यू.एम.आई. कालिम्पोङबाट माध्यमिक परीक्षा उत्तीर्ण गरे। त्यहि समय उनलाई परमेश्वरबाट पुरोहिताइको निम्ति बोलाहट भयो। उनले आफू पुरोहित बन्ने इच्छा माता–पितासामु प्रकट गरे। उनले दार्जीलिङका प्रथम नेपाली भाषी बिशप एरिक बेन्जामिनद्वारा स्थापित जे.टी. आई. अर्थात् जोहन John XXIII Institute, दार्जीलिङमा परमेश्वरको बोलाहटमा पुरोहितको निम्ति दृढ़ सङ्कल्प लिएर प्रवेश गरे। यसै क्रममा उनले दार्जीलिङस्थित नर्थ पोइन्ट कलेजबाट अध्ययन पूरा गरी उच्चशिक्षाको निम्ति उनी कलकत्ता विश्वविद्यालयद्वारा सञ्चालित मर्निङस्टार कलेज ब्यारेकपुर, कलकत्तामा प्रस्थान भए। यहींबाटै उनले स्नातक तहको अध्ययन पूर्ण गरे। कलकत्ताबाट फर्किएपछि रिजेन्सीका लागि कालिम्पोङकै सुरूक पल्ली वा चर्च, सिक्किमको सदाम पल्ली–स्कूलमा, खरसाङअन्तर्गत पवित्रहृदय पल्ली, मिरिकको स्कूलहरूमा शिक्षकको रूपमा सेवा प्रदान गरे। यसरी नै डायकोनेट मिनिस्ट्री सेवाका लागि कालिम्पोङस्थित फागु, गोरूबथानमा पनि सेवारत रहे।

बित्दो समयसँगै पावल सिमिक पुरोहितिक, शैक्षिक र सामाजिक सेवा–कार्यमा सक्रिय अनि दह्रिलो हुँदै गए। पुरोहितिक जीवन अपनाएर आफ्नो सम्पूर्ण जीवन परमेश्वरमा अर्पण गर्ने डिकन सिमिकले सन् १९९२ मा पुरोहितिक अभिषेक ग्रहण गरे। पुरोहित हुनसाथ उनले नाम्ची पब्लिकस्कूल, सिक्किममा शिक्षक अनि होस्टेल सुपरिटेन्डेन्टको पदभार सम्हाले। सन् १९९३ देखि १९९५ को अवधिमा सन्त मौरिस चर्च, सुरूकको पल्ली पुरोहितका रूपमा फा. पावल सिमिकले पुरोहितिक सेवा प्रदान गरे। उनी थियोलजी अर्थात् आध्यात्मिक शिक्षाको अझ गहिराइमा जान चाहन्थे। यसैले उनी उक्त अध्ययनको निम्ति सन् १९९५ को अन्त्यतिर

रोम विश्वविद्यालयबाट आफ्नो अध्ययन पुरा गरे। रोममा आफ्नो अध्ययन पुरा गरी सन् २००० मा बाइबलीय धर्मशास्त्र अर्थात् लिकानटियेट एण्ड डक्टरेट विषय लिएर विद्यावारिधिको अध्ययन पूर्ण गरे। यसरी फा. पावल सिमिक, फा. डाक्टर पावल सिमिकको रूपमा परिचित भए। विद्यावारिधि तहको अध्ययन सफल गरेको केही समय नबित्दै सन् २००० मा फादर डा. पावल सिमिकलाई मर्निङस्टार कलेज, ब्यारेकपुर, कलकत्ताले प्राध्यापकको रूपमा नियुक्त गऱ्यो। यहाँ उनले २००६ सम्म शैक्षिक सेवा प्रदान गरे।

परमेश्वरको सेवामा आफैलाई समर्पित गर्ने पुरोहित सेवकहरूलाई माथिल्लो तहबाट जस्तो आदेश आउँछ त्यसलाई सहर्ष स्वीकार गर्नैपर्छ। कलकत्ताबाट फर्केका फा. पावल सिमिकले २००६ मा नै पूर्व सिक्किमको ख्रीस्तराजा गिर्जा, पाक्योङको पल्लीपुरोहितको भार सम्हाले। क्रमशः उनले वर्ष २००७ मा सन्त जेभियर्स स्कूल, पेदोङको हस्टेल मिनिस्टर पदमा नियुक्त भई सेवा पुऱ्याई दुई वर्षपछि सन् २००९ मा उक्त स्कूलकै उप–प्राचार्यको पदभार सम्हाले। त्यसपछि नर्थइस्ट सिक्किमको डीनको पदमा २०१२ सम्म सेवारत रही सिक्किमबाट फर्किएपछि त्यही वर्ष २०१२ मा नै निष्कलङ्क गर्भधारिणी महागिर्जा, दार्जीलिङका पल्लीपुरोहितको रूपमा दुई वर्षसम्म सेवा प्रदान गरे। त्यसबेला खरसाङ डिनेरीको हेरचाहको निम्ति त्यस क्षेत्रका डीनको रूपमा पनि आफ्नो दायित्त्व निर्वाह गरे।

ईश्वरको अपार इच्छा हामी मानिसजातिले बुझ्न गाह्रो पर्दछ। यसै अवधि वर्ष २०१३ मा नेपाल धर्मप्रान्तको निम्ति डा. फादर पावल सिमिक धर्माध्यक्षको रूपमा नियुक्त भए। २०१३ देखि २०२४ सम्म एक भलो गोठालोको रूपमा नेपाल धर्मप्रान्तमा सेवा प्रदान गरी हाल नेपालबाट फर्किएपछि उनी वर्तमानमा बागडोग्रा धर्मप्रान्तमा बिशपको रूपमा आसिन छन्।


# हार्दिक बधाई

नेपाली काथोलिक साहित्य मञ्चका
अग्रगणीय साहित्यकार एवं पत्रकार

*श्रीमती मोनिका प्रधान* कृत

उपन्यास

**मोना**

अनि

भक्तिसाहित्यका अनवरत लेखक

*फा. आब्राहम के* –द्वारा

रचित नाटक

**फाटेको जुत्ता**


कृतिका निम्ति
सर्जक द्वयलाई

***हार्दिक बधाई***

टक्राउँदछौं।

नेपाली काथोलिक साहित्य मञ्च
अनि
बग्दो झरना परिवार ।

# सन्त तेरेजा पल्लीमा मेरो विश्वासको यात्रा



–प्रणय फ्रान्सिस गुरुबाबू,
सेण्ट्तेरेजा पल्ली,
सोनादा, दार्जीलिङ।

**–तिमीहरूले मलाई चुनेको होइन, तिमीहरूलाई मैले चुनें अनि तिमीहरू जाऊ, फलिदेऊ र तिमीहरूको फल रहोस् भनी मैले तिमीहरूलाई नियुक्त गरें।**

१९८० को दशकतिर कता–कता परमेश्वरको कृपामा विश्वासको लहर चल्नथाल्यो। त्यसताक सलेसियन कलेजका ब्रदरहरू रङमुक चियाबारीमा आई युवा–युवतीहरूलाई नाच–गान, फुटबल, भलिबल सिकाउन थाले। यसमा मैले पनि प्रत्येक आइतवार सिक्ने मौका पाएँ। त्यो समय रङमुकमा ३–४ घर ख्रीस्तीय विश्वासी थिएछन्। १९८० को दशकमा होला रङमुकमा फादर एलेची आउने गर्दै थिए। उहाँपछि फादर साइमन सन्त तेरेजा पल्लीमा पल्लीपुरोहितको रूपमा आउनुभयो। त्यसबेला पनि पटक–पटक हाम्रो गाउँ रङमुकमा ख्रीस्तीय विश्वासीहरूलाई भेट्न, ख्रीस्तीय विश्वासीहरूको शुभ अशुभ कार्यहरूमा मिस्सा बलिदान चढ़ाउन आउने गर्थे। यसरी नै मैले सोचें परमेश्वर त यहाँ पो रहेछन् अनि सोंचमा पर्नथालें १९९८ सालमा फादर भिन्सेण्टको आगमन जब सन्ततेरेजा पल्लीमा भए त्यो बेला म प्रभुमाथि विश्वासमा पुरा भिझेछु र बप्तिस्मा ग्रहण गरें। त्यसबेला रङमुकमा ख्रीस्तीय मण्डली बढ़दै गयो अनि मैले फादरलाई सहयोग गर्ने मौका पाएँ। त्यसपछि फादर अगष्टीको आगमन भयो। रङमुकमा चर्चको पनि निर्माण कार्य आरम्भ भयो। फादर अगष्टी र फादर एमिल एक्काको कार्यकालमा गिर्जाघरको उद्घाटन पनि भयो। ईशुख्रीस्तको जयन्ती वर्ष २००० सालमा गिर्जाघरको नामाकरण भयो–माता मरिया ख्रीस्तानहरूको गुहार। १९९९ को अवधिमा नै गुरुबाबुको भूमिका निर्वाहा गर्ने अवसर पाएँ। ६–७ वर्ष रङमुक गिर्जामा मण्डलीको देखरेख गर्ने मौका पाएँ। २००६ मा सन्त तेरेजा पल्लीमा सक्रिय रूपमा गुरूबाबूको पदभार फादर एमिल एक्काको बाहुलीबाट प्राप्त भयो। यसरीनै दुःख–विपद, रोग –बिमार नभनी प्रभुको अगुवाईमा विश्वासीहरूको लागि काम गर्दै २५ वर्ष पुरा भएको साथै धर्ममण्डलीको नाममा परमेश्वरको काम गर्न पाएकोमा हर्ष–शान्ति अनुभव गर्दछु।

"यहाँबाट ईश्वरको महिमा हुँदै जावोस्।" भन्ने वाक्य फादर एमिल एक्काको उक्त भनाइ रङमुक मण्डलीको लागि सार्थक भएको छ। रङमुक मण्डलीको गिर्जाघरको भित्तामा लेखिएको उक्त भनाईले मलाई अतिनै छुदँछ। रङमुक मण्डलीको विश्वासद्वारा थापाधुरा, बच्चाबारी, धोतरिया बालासन, पुलबजार, मलट, तामखुले, मिलिङ, सिडर्स आदि स्थानहरूमा प्रभुले मण्डलीको स्थापना गरिदिनु भयो। आज सोनादा, गोराबारी, दिलाराम, रङबुल, अप्पर धोतरिया, कलेजभेल्ली, नालीचौर, पचेङ, घलेगाउँ, कोठीधुरा, नयाँकमान, मार्ग्रेटस्होप, नेहुर बालासन, धजे, साङमालगायत नागरी मिलाएर जम्मा ३०० जति घर ख्रीस्तीय विश्वासी रहेछन्। यो एउटा मेरो लागि अनुग्रहको वर्ष हो भन्ने अनुभव गर्छु। २५ वर्षको अवधिमा दार्जीलिङ धर्मप्रान्तबाट आध्यात्मिक क्षेत्रमा धेरै तालिमहरू प्राप्त भयो। साथै पाएका ती शिक्षाहरूद्धारा ख्रीस्तीय विश्वासीहरूलाई शिक्षा दिएको अनि मण्डलीका विश्वासीहरूद्धारा खुशी प्रकट गरेको अनुभव बटुल्न पाउँदा आत्मसन्तुष्टि अनुभव गर्दछु।

आज म अनुभव गर्छु परमेश्वर नम्र ह्रदयमा बस्नु हुँदोरहेछ। जतिजना पुरोहितहरू पल्लीमा आए, गए ती सबै पुरोहितहरूलाई यथाशक्ति सहयोग गर्ने अवसर पाएँ। मण्डलीमा २६ वर्ष एक धर्म गुरुबाबूको रूपमा काम गरेको रजतजयन्ती मनाउन सफल भएँ। २६ वर्षको अवधिमा सन्ततेरेजा पल्लीमा जम्मा गरी १२ जना पल्ली पुरोहितहरू आए। अहिले फादर सामूएल राई पल्लीपुरोहित र सह–पल्ली पुरोहित फादर प्रितम बारला हुनुहुन्छ। गत वर्ष २०२४, १ अक्टुबरमा पल्लीमा ६० वर्षको **हिरक जयन्ती** हर्षोल्लासको साथ पालन गर्ने अवसर प्राप्त भयो। परमेश्वरको आशिष अनुग्रह सन्ततेरेजा पल्लीका सम्पूर्ण माता–पिता दाजु–भाइ, दिदी–बहिनी, युवाभाइ–बहिनी नानीहरूमा आवोस् भनी परमेश्वरलाई निरन्तर बिन्ती गर्दछु।

# एक तीर्थयात्राको संस्मरण : आत्माकथा

–डी.बी. एन्ड्रू राई
डन बस्को पल्ली,
मिरिक।

सन्त आलोइस्यस एस.सी.सी. झुण्डमा जम्मा एघार परिवार रहेकामध्ये हामी चार परिवारका नौजनाको आकस्मिक सर–सल्लाहमा १५ फरवरी २०२५ शनिवार मातामरियाको दिन चुनेर विजयरानी पल्ली, मरिया बस्तीको लूर्दकी माताको ग्रोटोमा तीर्थयात्रा जाने तय गरियो।

छोरो मृनाल आर्थरबाहेक अरू हामी आठजनाको निम्ति त्यो नयाँ ठाउँ, नयाँ उमङ्ग, नयाँ कौतुहलताको साथ आफ्नो आफ्नो सामल–तामलहरू तयार गरेर बिहान प्रार्थना गरी लगभग ५:१५ बजे नै भौतिक यात्रा शुरू गऱ्यौं। घरको गाड़ीमा म स्वयं श्रीमती मेग्डलिन, छोरो मृनाल आर्थर, सालो बेञ्जामिन, साली सुमित गरी जम्मा पाँचजना बाइपास मोड़ अलगड़ा पुगेर अर्को झुण्ड गाड़ीमा मालिक एवं चालक स्वयं साइमन उर्फ दिनेश थापा लिम्बु, श्रीमती मनू लिम्बु, दिदी सालिन साइली राई र श्रीमती मङ्गली तामाङ जम्मा चारजनासँग भेट गरी अघि बड़यौं।

शुरूदेखि नै यात्रा कठिन हुनआयो। बाक्लो कुइरोको कारण ३०, ४० कि.मी.को रफ्तारमा अघि बड़्यौं। हाम्रा प्रार्थना र भजनहरू एकपछि अर्को लगातार चलिरह्यो। बिहानको प्रार्थना, रोजरी प्रार्थना, दयाको प्रार्थना, जयन्ती प्रार्थना, सम्झनाको प्रार्थना, स्वर्गदूतको सन्देश प्रार्थना, विभिन्न मतलबहरूमा रोगीहरूको निम्ति, गरिब–दु:खी, अनाथ, असहाय, वृद्धाहरू, विभिन्न मण्डलीहरू, गाउँ–घर, छर–छिमेकहरू, पहाड़को निम्ति देशका शाषकहरू, लड़ाई झगड़ाहरू, सम्प्रदायहरूमा आपस्तको मेल–मिलाप भाइचाराको भावना अनि विश्वशान्ति इत्यादि विषयहरू राख्दै प्रभुको प्रार्थना गर्दै अघि बड़यौं। बीच–बीचमा बेञ्जामिनको हसाउँने गफहरू, भएन मेग्डलिनको अज्योङ्गहरूको हँसिलो र चाख लाग्दो घटित कथाहरू सुन्दैजाँदा तल्लो लप्चुबजार पुगेको पनि थाहै भएन। साँड़े सात बजेछ। एउटा पसलमा धावा बोल्न पऱ्यौं। मेरो इन्सुलिन लगाएर पछि सुखारोटी, सब्जीपछि चाहिँदो औषधीहरू खाएपछि ८ बजे त्यहाँबाट अघि बड़्यौं। जाड़ोको कम्पनले गर्दा हातमा बोकेको रोजरीमाला त त्यहीं भूईंमा झरेछ थाहा नै भएन। के भन्नु दु:खको कुरो कि खुशीको कुरो, किनकि हामीले बोकेको रोजरीमाला अरू धेरैले मन पराउँछन् बोक्न या गलामा हामीले जस्तै भिर्न। पेशोक पुग्दा मात्र थाहा भयो् धन्न गाड़ीमा अर्को रोजरी रहेछ त्यो लिएर प्रार्थना र भजनहरू गाउँदै अघि बड़यौं। मौसम भने लप्चुदेखि कालिम्पोङसम्म दु:ख–सुख उज्यालो थियो तर अब एघार माइलदेखि अघि अलगड़ातिर बड़दै जाँदा त झनै चिसो र सिमसिम। त्यसैबीच पेदोङ पल्लीको धर्मगुरु श्री अगस्टिन लेप्चालाई फोन गरेर कुन बाटो सुविधा होला भनी सोध्यौं। उहाँद्वारा थाहा लाग्यो रिसपको बाटो असल भनी। अलगड़ा पुगेपछि Traffic ले one way मार्ग देखाउँदा पेदोङतर्फ गएर केही तल बीस माइलबाट दाहिनेतिर तन्दरबोङको माथि–माथि हुँदै बालुवाखानी निस्केर लाभा जाने बाटोतिर अघि बड़यौं। अब लाभा पुग्न ६ कि. मी. अघि एउटा दोबाटोमा साइनबोर्डले रिसप जाने बाटोको संकेत देखाएको रहेछ, त्यतैतिर लाग्यौं। उकालो घुम्ती नै घुम्ती, धुपीघारीभित्र कुइरो चिर्दै अघि बड़यौं। कता कता चिम्नी उकालो बाघगौंड़ा सिटोङ्गजाने बाटोजस्तै। मौसम अझ खराब, चिपचिप पानी, हात–खुट्टा कक्रीरहेछ। दाँया बाँया देख्नु केही छैन। केही माथि पुगेपछि फेरि ओह्वालो हुँदै एउटा होमस्टेहरूले सजिएको भञ्ज्याङजस्तो ठाउँमा पुग्यौं। सायद रिसप भन्ने त्यही होला। सोध्नु पनि मान्छेहरू कोहीछैनन् साइनबोर्डहरू पनि देखिएन अन्धकार बादलको देशमा सवारी छ। केही तल पुगेपछि एउटा

गाउँजस्तोमा एकजना आमालाई भेटेर सोध्यौं, “मरिया बस्तीको गिर्जाघर कता र कति टाँड़ोमा छ?” भनी। “अब धेर टाड़ो छैन, अलिक तल पुगेर उकालो गएपछि गिर्जा पुगिहाल्छ” भन्नुभयो। मनमनै ठान्यौं सायद यहि होला कागेबस्ती। नभन्दै केही तल पुगेपछि त्यो उकालो बाटो त अप्ठ्यारो रहेछ, माथिबाट माटो धस्केर झरेको चिप्लो। मृनालले माथि पुगिसकेको गाड़ी चक्का चिप्लेर फिनिनि, फेरि तलै लगेर उठाउँदा पनि त्यहाँ पुग्दा त फिनिनि। त्यसपछि पछाड़िका तीनजना सवारीहरूलाई उतारेर चड़ाउँदा चढ़ाउँदा मात्र पार भएर केही माथि गाड़ी रोकेर बस्दा एउटा गाड़ी आएर अघि छिर्‍यो। मृनालले चिनेछ फादर भनी। त्यसपछि उहाँकै पछि लागेर केही माथि भैयाहरूको दुइ–तीनवटा दोकानपाटहरू भएको जगहमा पुग्यौं। समय ठीक दिनको एघार बजेछ। हामी बाबुछोरा गाड़ीलिएर उकालो सोलिङको बाटो लाग्यौं केही माथि घुम्ती र चड़ाइभएको बाटोमा पुग्दा त फेरि गाड़ीले तान्न नै सकेन। केहीपछि झरेर फेरि अघि बड़ाएर बल्ल पार गरियो तर अगाड़िका चक्काहरू भने निधार जस्तै चिल्लो भएछन्। गिर्जाघरको प्राङ्गण मै पुग्यौं। केहीबेर पछि अरूहरू र फादर पैदलै आइपुगे। परिचय आदन–प्रदान गरियो। फादर म फा. ज्ञान स्टिफको बड़ाको छोरो डी.बी. एन्ड्रू राई, हिज मैले नै तपाईंलाई फोन गरेर मिशाको कुरा गरेको थिएँ। ओ! यस्! यस्! हिज म साङसेमा थिएँ र अहिले तपाईंहरूकै निम्ति चाँड़ै गरेर आएको। अब पहिला मिशा गरौं त्यसपछि तपाईंहरू रोजरी गर्न ग्रोटो जान सक्नुहुन्छ। परमेश्वरमा भर पर्नेहरू विश्वास गरेर आफ्नो योजनाहरू उहाँमा प्रार्थनासित माग्दा पुरा भएको छ। यसरी तोकिए कै समयमा हाम्रो निम्ति मिशाको प्रबन्ध पनि मिल्यो। अब हामी मिशा सक्न साथ गिर्जाघर भित्रबाट नै रोजरी प्रार्थना गर्दै तल ग्रोटोतिर लाग्यौं। ग्रोटोमा पुगेर आश्चर्यचकित भयौं त्यहाँको ग्रोटो निर्माण देखेर। आजसम्म धेरै ग्रोटोहरूतिर प्रार्थना गर्न पुगेका थियौं तर यहाँको ग्रोटो भने एकदमै फराकिलो। प्रायः पचास फिट अग्लोमा प्राकृतिक एउटै चट्टानमा छिनो–मार्तोलले कुँदेको ओड़ारमा लुर्दकी मातामरियाको मूर्ति स्थापित भएको औ त्यहाँमाथि पुग्नलाई चट्टान खोपेर पाइला टेक्ने डोभहरू बनाइएको रहेछ। एकपल्टमा एकै व्यक्ति मात्र गएर ममबत्ती बाली प्रार्थना गर्न सक्ने त्यसपछि सर्दै झर्न पर्ने। हाम्रा यात्रीहरूमध्ये दुइ जवान र एक युवतीले मात्र साहस गरेर चड़्न सके। हामी बुढ़ाबुढ़ी, डरपोक लुला–लङ्गड़ोहरूले आँट गर्न सकेको भए पो। सबैले मोमबत्तीहरू बालेर धेरै–धेरै विषयहरू प्रत्येक भेदमा राख्दै प्रार्थना गर्‍यौं। त्यसपश्चात् स्मरणको निम्ति केही फोटोहरू खिँचेर गिर्जाघर तिर फर्क्यौं जहाँ फादरले तातो–तातो चिया र बिस्कुट तयार पारी प्रतीक्षा गरिरहनुभएको रहेछ। जाड़ो र भोकको प्रकोपमा नून खाएको कुखुरा जस्तै भएको बेला चिया बिस्कुटले उर्जा फर्केर आइहाल्यो। केही बेर भलाकुसारी गरी त्यहाँबाट ठीक दुइबजे अपराह्न बाटो लाग्यौं अघिकै पाइलाहरू मेटाउँदै रिसप फाटकसम्म। त्यहाँबाट हाइवे पक्रेर लाभातिर लाग्यौं। लाभा पुग्न प्रायः एक दुइ कि.मी. पुग्नभन्दा अघि लाभाटू भन्ने फाटकबाट दाहिने तर्फको अर्को हाइवे भएर पोचोक गितडाब्लीङ पकाङको माथिमाथि हुँदै देवराली झण्डीडाँड़ा पेमलिङ्ग निमबोङ्गको सेलरोटी पूलको रमणीय दृश्यहरू अवलोकन गर्दै बाग्राकोट भएर हाइवेको मीना मोड़ पुग्यौं। यहाँ दिनको खाना र बेलुकीको खाना एकैचोटि प्रायः एक घण्टाको समय खर्च गरेर कसैले मासु–भात, कसैले माछा–भात, कसैले लच्चा–रोटी भरपेट खाई त्यहाँबाट प्रायः साड़े पाँच बजेतिर सिलिगुड़ीतिर लाग्यौं। अब बाघपूल आईपुग्दा झमक्क रातपनि भयो त्यसपछि सुबुक बजार काटेपछि केही तल आएपछि बङ्गाल सफारीबाट चोर बाटो लाग्यौं। महानदीको बगरमा अध्याँरोको कारण बाटो हराइपठायौं दुइ जगह र पनि अघि पछि गर्दै मीलनमोड़ आई त्यहाँबाट गुलमाको तेस्रो बाटो भएर

गुलमोहर फाटकमा मिरिक आउने बाटो पक्रेर दुधेमा पेट्रोलहाली घर आइपुग्दा ठक्कै साढ़े आठ बजेड। लुपनचाहिँ छेमा र मामालाई पुर्‍याउँदै बस्तीतिर गए। मचाहिँ बेलुकीको इन्सुलिन लाएर एउटा अम्लेट खाई, फेरि अरू औषधिहरू खाएर धन्यवादको प्रार्थना गरिवरी सिरकभित्र पसेको एकैचोटि बिहानको ६ बजेमात्र ब्यूँझे।

यस्तै नै भयो हाम्रो तीर्थयात्रा। बेहाल मौसम कठिङस्याउने जाड़ो, चिप्लो बाटो अप्ठ्यारो र साँघुरोहरूको सामना, दिनभरि भोकै, अन्धकारभित्र देख्नु–सुन्नु केही छैन तरै पनि माता मरियाको भक्तिद्वारा प्रार्थना गर्दै पवित्र आत्माको अगुवाईमा सबै थोक असल र सफलताको अनुभूति महसुस गर्‍यौं। प्रभु ईशुलाई हृदयबाट नै कोटि कोटि धन्यवाद।

जानकारीः– उक्त ग्रोटोको विषयमा भन्न पर्दा विशेष सूत्रबाट जानकारीअनुसार सन् १९०९ मा फ्रान्स देशको लूर्द भन्ने जगहमा माता मरियाले दर्शन दिनुभएको ५० वर्षीय स्वर्णजयन्ती मनाउँदै गर्दा त्यो वर्षभरि मरियाबस्तीको विजयारानी पल्लीमा फ्रान्सिसि फादर स्व. फादर मार्टिन हर्भागोल्टले दिँनहु मिशा बलि र रोजरी बिन्ती गरिरहेका समय यो पहाड़ी भेकमा मानिसहरूको मन परिवर्तन र आत्मिकी उत्थानको निम्ति एउटा ग्रोटो निर्माण गर्ने प्रेरणा पाए। उनले प्रार्थना गर्दैजाँदा फ्रान्स देशबाट एकजना दाताले लुर्दकी माताको मूर्ति प्रदान गर्नुभएको थियो। त्यही मूर्तिको स्थापना १५ मई १९१० मा भव्यताको साथ गरिएको थियो। यस ठाउँमा ख्रीस्तीय–अख्रीस्तीय सबैजना आएर आफ्नो मनोकामनाहरू लिएर प्रार्थना गर्दा पूराभएको धेरैजनाले अनुभव गरेका छन्। यो एउटा ऐतिहासिक ग्रोटो मानिन्छ॥

## दार्जीलिङ–सिक्किम धर्मप्रान्त परिवार आयोगप्रति कृतज्ञता



– दिपक लेप्चा,
मूल सचिव,
युनाईटेड क्रिशचियन माइनोरिटी वेलफेयर सोसाइटी, खरसाङ

कुनै पनि समाज, संस्था, धार्मिक सङ्गठनको वार्षिक सभा (Annual General Meeting) हुन अनिवार्य हुन्छ।

सभामा के कस्ता विषयहरू माथि चर्चा परिचर्चा भयो यसको प्रतिवेदन (Minutes) जनमानसलाई जानकारी दिनु र वार्षिक कार्यक्रमहरू के कस्ता भए यसको प्रतिवेदन सार्वजनिक गर्नु संस्थाका कार्यकारिणीहरूको लिडरशीप देखिन्छ।

हाम्रो दार्जीलिङ–सिक्किम धर्मप्रान्तका परिवार आयोगले सन् २००१ सालदेखि परिवार जस्तो सुन्दर बुलावटलाई, विवाह जस्तो पवित्र बुलावटलाई अनि परिवारमा आई पर्ने सफलतामा, विफलतामा जीवन कसरी व्यतित गर्न पर्ने केही विषयहरूमा धार्मिक लगायत सामाजिक शिक्षा निरन्तर दिँदै आइरहेका छन्।

दार्जीलिङ सिक्किम धर्मप्रान्त परिवार आयोग (Darjeeling Sikkim Family Commission) प्रेरितिक (Apostolic) कामहरू गर्ने एक आयोग (Commission) हुन्। यो आयोग अन्य संघ संस्थाहरू जस्तो होइन। परिवार निर्माणलगायत विभिन्न कार्यक्रमहरू हरेक वर्ष हरेक दिन गर्दै आउने दार्जीलिङ –सिक्किम धर्मप्रान्त परिवार आयोगको हालै वार्षिक सभा (Annual General Meeting) कालेबुङको पुष्पिकामा सम्पन्न भएको थियो। सभाको प्रतिवेदन आयोगको एक कर्मठ सदस्य, परिवार आयोगका श्रोत व्यक्ति, हाम्रो समाजका साहित्यकार अति आदरणीय गुरूवर सेसिल सरले प्रतिवेदन तयारी पार्नुभई छापामा पनि अगावै आइसकेको तथ्यलाई प्रतिवेदन स्वरूप यहाँहरूलाई उपलब्ध गराइरहेछु।

दार्जीलिङ–सिक्किम धर्मप्रान्त परिवार आयोगका अध्यक्ष मान्यवर विशप स्टेफन लेप्चा, मुख्य सचिव डा. फादर लाबन लेप्चा अनि परिवार आयोगका सम्पूर्ण श्रोत व्यक्तिहरूलाई बधाई दिन चाहन्छु।

प्रार्थनामा सम्झना सहित।



# क्रुसमा ख्रीस्तको महिमा

**– विलियम राई**
डिभाइन गोरेटो एस.सी.सी. ए मिरिक।

पापको बन्धन काट्नु यहाँ
क्रुसै हुन ठूलो साधन।
क्रुसनै हुन् प्रेम परमेश्वरको
क्रुसकै गरौं चिन्तन ॥

चोर–डाकु पनि क्रुसको प्रायश्चितले
मुक्तिमा पार तर्छन् त।
क्रुसलाई प्रेम नगरी बसेर कसरी
ख्रीस्त प्रेमी हुन्छु म ॥

क्रुसनै हो ईशुको मुक्तिको हतियार
स्वर्गराज पाउने धन।
तथ्य नबुझी सत्य नजानी
ब्याकुल नबनाऊँ मन ॥

प्रेरित चेला ईशुको क्रुसमा
खुशीले रमाए।
ईश्वरको हुकुम शिरोपर राखी।
मण्डली सजाए ॥

ख्रीस्त ईशु भन्छन् मेरो क्रुस बोकी
सबैलाई क्षमा देऊ।
आफैलाई त्यागी सत्कार्य गर।
मुक्तिको श्रीपेच लेऊ।
सन्त शहीद बलिदान हुन्छन्
क्रुसको प्रेरणामा।
पुरानो जीवन त्यागेर आएँ
अनन्त जीवनमा ॥

क्रुसनै योग, योग नै प्रेम
ईश्वर र मानिसको।
चल्दैन जोड़ क्रुसको सामु
प्रेत र शैतानको ॥

# दाम्पत्य जीवनको रजतजयन्तीमा कृतज्ञताको दुइ शब्द



**– अन्जना एन्जल राई**
सन्त जोसेफ्स पल्ली
सोम चियाबारी, दार्जीलिङ।

अति मिठो र शक्तिशाली प्रभुको वचन, "...मेरा विचारहरू तिम्रा विचारहरू होइनन्, न ता मेरा बाटाहरू नै तिम्रा बाटाहरू हुन्।" ठीक त्यसरी नै, मेरो मुखबाट निस्केको वचन मेरो इच्छा पूर्ण नगरी, मैले गर्न चाहेको काम फत्ते नगरी व्यर्थै मकहाँ फर्कंदैन।" यशैयाको ५५ अध्यायको ८ र ११ पद मेरो जीवनमा मैले कति पढ़ैं पढ़ैं तरै पनि कहिले बुझेको थिइनँरहेछु। अहिले यसो पछि फर्केर हेरिपठाउँदा म आफै झस्किन्छु। भनिन्छ नी दु:खको दिन लामो हुन्छ, सुखको दिन छोटो। दु:खमा पनि सुखमा पनि साथ दिन्छु भन्ने संकल्प बोकेर हिंड़दा त समय कति छिटो बिती जाँदोरहेछ। आजभन्दा चौबिस वर्ष अघि प्रभुको त्यो अति मिठो प्रेम र माया परिवार, मण्डली, आफन्तजन सबैबाट साह्रै मिठो माया पाएकी थिएँ। अज्ञानमा अचानक सबैलाई छोड़ेर बिहे गरिपठाएँ। जब बिहे गरैं तबदेखि मेरो आत्मिक संघर्षहरू शुरू भयो जब संस्कारदेखि टाड़ा हुन्छौं नी जीउन गाह्रो पर्दोरहेछ। साँच्चै त्यो समयमा मलाई आँट दिनुहुन्थ्यो पुष्प काकीले "कान्छी, तिमीलाई प्रभुले क्रूस बोक्न दिनुभएको हो। यसो भन्नुहुँदा मलाई साह्रै आँट आउँथ्यो। दार्जीलिङका जसोदा गुरुआमाले पनि सम्झाउनु हुन्थ्यो। बिहे गरेपछि मण्डलीले बोलाइपठायो। त्यो बेला दिदी बारबाराले सुसमाचारको १ कोरिन्थीको ७ अध्यायबाट वचन सुनाउनु भयो। "कुनै ख्रीस्तभक्त स्त्रीको अख्रीस्तीय पति भए र उ उसँगै बस्न राजीखुशी छ भने, उसले पनि आफ्नो पतिलाई नत्यागोस्।"(१ को॰ ७:१३) यी वचनहरूले मलाई साह्रै छोयो। यही वचनहरू समाएर हिंड़े मेरो परिवार, मण्डली सबैको आँसुसरी, फिक्रीसरीको प्रार्थनाले आज मैले मेरो परिवारलाई स्वर्गको भागिदारी बनाउन सकें त्योभन्दा ठूलो आनन्दचाहिं मेरो जीवनमा अरू केही पनि छैन। **जुन कामको निम्ति म पठाउँछु, त्यसमा उ सफल हुनेछ** भन्ने वचन मेरो जीवनमा पूरा भयो। आज बिहे गरेको पनि पुरा २५ वर्ष पुगेछ। यहाँसम्म आइपुग्नलाई साथ दिनुहुने मेरा आदरनीय परिवार, मण्डली सबैलाई रजतजयन्तीको कृतज्ञतासरूप आभार प्रकट गर्दछु। प्रभुको महिमा होस्।प्रभुलाई धन्यवाद!!

# विश्वले मुक्ति पाएको छ

**फुर्बा हेन्स तामाङ**
नवीन ग्राम, सिंहमारी।

जन्म पूर्वदेखि घोषित गरिएका पूर्व बाणीहरू प्रभुको जन्मले संसार संसारमा उथुल पुथुल ल्यायो। विभिन्न प्रकारले सताइएका रोगीहरूले चंगाइ पाए। भूत–पिशाचहरू भागे। यसोसले प्रभुलाई पछ्याउनेहरूको संख्या दिनोदिन बडदै गयो। विरोधी शास्त्री फारिसिहरू (धर्म गुरु) प्रभुको पराक्रमी शक्तिमा जनता उर्लिएर प्रभुपछि लागेको देखी आरिस डाहले घमण्डमा फूल्लिएर प्रभुलाई खेदो गर्न लागे।

नानावलीका झूटो आरोप लगाएर वहाँलाई मार्ने ठाउँ खोजिरहेका थिए। तथापि वहाँको (प्रभु) समय आउन अलिक टाड़ा हुनाले गर्न केही सकिरहेका थिएनन्।

समय हाम्रो होइन, परमेश्वरका हुँदो र छ (इच्छा) यसैले तपाईंको इच्छा पूरा होसमा हाम्रो विश्वास पक्डनु सक्नु आ–आफ्नो बाँचेको जिन्दगीको सुग्धरताले स्वीकार्य छ। प्रभुको इच्छा–आफ्ना चेलाहरूलाई सधैंभन्दा बेग्लै पारामा अन्तिम भान्सा दिने मन परेर भन्नु हुन्छ–"जाउ जारी गाउँ। उनीहरू दुइमत नगरी आदेश अनुसार गाउँ तर्फ लागे। गाउँ पुगेपछि, कुनै एउटा घरको मानिसलाई सोध्छ–यहाँ कहाँ होला–जहाँ प्रभुले अन्तिम भान्सा दिनुहुनेछ। घरको मानिस एक कोठा देखाउछन्। प्रभुले भने अनुसार देखी, खुशीले उनीहरू रमाउँछन्।

साझ पर्छ। चेलाहरूसित, प्रभु सजिसजाउ कोठामा भिनिनु हुन्छ। सबै मिलेर आ–आफ्ना ठाउँमा बस्नुहुन्छ माझमा येशू। त्यो सामु सुख–दुःखको मिलन थियो, एक प्रेम भोज थियो। टेबल वरिपरि बासेका चेलाहरूसित प्रभु भन्न लाग्नु हुन्छ उत्सुकतामा प्रभुतर्फ आशालु आँखाले कान थापीरहेका थिए उनीहरू। सजिएका टेबलमा रोटी र दाखरसले भरिएको कटौरो राखिएका थिए।

प्रार्थना शुरू गर्न लागेको थियो हातमा रोटी लिई–स्वर्ग हेरी सर्वोच्च पितालाई धन्यवाद! दिँदै भाँच्नु हुन्छ यसो भन्दै" यो मेरो देह हो, यो लेऊ अनि खाऊः मेरो सम्झनामा, यसै गर्ने गर। कटौरो उठाई, स्वर्ग हेरी–मेरो रक्तको कटौरो हो यसबाट – गर, मेरो सम्झना यसै गर्ने गर।" यसरी प्रभु! येशुख्रीस्त स्थापना गर्नुहुन्छ। यसैसमय प्रभु आफ्नो समय पूरा हुनलागेको घोषना गर्नुहुँदै भन्नुहुन्छ–" तिमीहरू मध्येको एकले धोका दिनेछ।"

चेलाहरूको सोचाईं मिलेन। सबै हतास् भएर भाग–भाग बाँडिएर एर्काकामा को होला? को प्रश्नले उत्तर खोजिरहेका थिए। यतिकैमा प्रभु भन्नुहुन्छ– "जसले मलाई चुम्दछ, उनै हुन् उसैलाई मैले प्यारो गरेथ्यो।"

भान्सा सिधिन्छ, सबै बाहिरिन्छन्। प्रभु, चेला पिटर, जेम्स र जोनलाई लिई गेथ्सेमनि बारी जानु हुन्छ। जहाँ प्रभुले पितासित सधैँ बात गर्नु हुन्थ्यो। उनीहरूलाई वर बसाएर पर गई प्रार्थना गर्न लाग्नुभो। यसरी प्रार्थना मग्न हुँदा मुहार चिट्चिट् पसिगले भरिएर असहन पिढ़ाको कारण रक्तमा बद्लिए पसिना पिढ़ा खपि नसक्नु भइदिँदा भन्नुहुन्छ–"पिता! हुनसके यो कटौरो (पिढ़ा) मबाट हटाइओस्, मेरो इच्छा बड़ी तपाईंको इच्छा पूरा होस्। यही भनी उनीहरू के गर्दै होलान् भन्न ठानी चेल भएतिर जान्छन्। देख्छन् निदाइरहेको र भन्नुहुन्छ–" जागी बस, प्रार्थना गर परीक्षामा नपर।"

सम्झन्छु, प्रार्थनामा शक्ति छ। कसैले मलाई भनी बस्छ जब कि म दुःखेको हुन्छु। लाग्छ दुःख परीक्षा र' छ। परीक्षा उत्तीर्ण हुनु नै ईश्वरमा विश्वास पाउनु र'छ। धन्य हुन मेरा परमेश्वर। चेलाहरूलाई ढाडस दिइ अघिकै ठाउँमा गई प्रार्थना गर्दागर्दै झमक्क रातले छोप्छ।

शास्त्री–फारसीहरू (धर्म गुरु) दलसित राँकोको साहारामा लाठी मुंग्रीमा येशू पक्रन आइपुग्छ। यो देखेर प्रभु भन्नुहुन्छ–"कसलाई खोजीरहेछौं?" उत्तरमा नाजरेथका येशूलाई। प्रभु भन्नुहुन्छ–" म नै हूँ। यसरी तीनपल्ट स्वीकारे पछि जुदास अघि आइ येशूलाई चुम्दछ तब पक्रन्छ अन्याय बज्छ, पुर्णव्यावहार गरिन्छ। यसरी प्रभुको समय पूरा हुँदै जान्छ। हाकिम पिलातुस कहाँ लागिन्छ, दोषी ठहरिँदै कुनै पनि पक्षबाट। पठाइन्छ राजा हेरोद कहाँ टन्तमा कहाँबाट पनि निर्णय पक्का पाउन नसकेकाले उहाँलाई (प्रभु) पिलातुस कहाँ नै फिराइन्छ।

पिलातुस आफू निर्दोष साबित गर्नलाई हात धोइ जनता खुसाउन कोर्रा लगाइन्छ प्रभुलाई। सिपाहीको निर्दयता बजारिन्छ–कोर्रा .... न माया। प्रभु शिथिल हुनुहुन्छ। न खानु न पिउनु, नींद छैन। चोटैचोटले दुःखको र सम्पूर्ण शरीर। जनता अझ जोर दिएर चिच्चाह रहेछन क्रुसाउनु नै पर्छ, क्रुसाउनु नै पर्छ। चुपचापमा प्रभु आफ्नो पिताको इच्छा पूरा गर्न मरणसम्म, आज्ञाकारी हुनुहुन्छ।

आज्ञा पालन कति ठूलो कुरो हो– "मलाई प्रेम गर्नेले मेरो आज्ञा पनि पालन गर्छ, मेरो पिताले पनि उसलाई प्रेम गर्नु हुँन्छ।" आज्ञाकारी हुन र आफू नीच तुल्याइनु पर्दा प्रभुको यी दुःख, कष्ठ सम्झनामा आउँछ र क्षमा माङछु।

यहूदीहरूका राजा घोषित गरिन्छ, मकुट काँड़ाको पहिराइन्छ। चोट थपिन्छ, पीढ़ा अझ बड्छ, खुनैखुनले सम्पूर्ण शरीर भिजेको छ। आँखा खुन नदेख्ने भएको छ। मरियम माँ येशू देख्छ, येशू माँ मरियम। आँचाको हेराइमा मनको दुःखाइले तसल्ली मिलेको अनुभवमा प्रभु आफ्नो भार हलुको सम्झन्छ। धुलैधुलो खुनसित मुछिएर पवित्र मुहार चिन्न नसक्ने भएको छ।

जेरूसलेम स्त्रीहरू केही नहेरी छाँद हाल्न् जान्छन्, छेकिन्छन् तर पनि आँखाभरीको दृश्यले मन दुःखाइ–दुःखाइ छात्ती पिटेर शोकित छन्। यतिकै बेला भेरोनिका भीड़लाई चिरँदै आफ्नो स्वच्छ मजेत्रोले प्रभुको मुहार पुछी दिन्छन्। कस्तो आनन्द! प्रभु आफ्नो सुन्दर मुहारमा देखिनु हुँन्छ–स्पष्ट।(जो आज मौजुद छ) धन्य हुन परमेश्वर।

पहिलो, दोस्रो र तेस्रोपल्ट प्रभु भारले थिचिएर भुँइमा लड़ाकु हुन्छ। सिपाही अत्तालिन्छ कतै थतै यो मरिहाल्छ कि भन्ने भयले सिमोन नामको एक युवकलाई आदेश गर्छ क्रुस बोक्न। दुःख क्रुस र' छ, क्रुस दुःख र' छ। तल नै म रोएको दुःखले र दुःखले मलाई रूवाएको रहेछ। सुख–दुःखको साथी सम्झेर विश्वासमा अघि बड्नु नै प्रेमी प्रभु! मेरो ईश्वर भन्नु र' छ।

गेल्गोथाको बाटो पुरा हुनै लागेको थियो। जे जति घटनाहरू आफुमा घट्न परेको थियो– ती सब अघिबाटै गेथ्सेमनि बारीमा प्रार्थना गर्दा देखि सक्नु भएथ्यो स्पष्टमा। त्यसैले मानवताको नातामा डराएर भनेका थिए हुन सके, हे पिता! यझे कटौरो मबाट हल्लाइयोस, मेरो इच्छा भन्दा बड़ी तपाईंको इच्छा पूरा होस्।

गेल्गोथाको बाटो पूरा हुन्छ।

प्रभुलाई नंगाइन्छ। चोटैचोट, कोर्राको नीला डाम खुनै खुनले भिजेको पवित्र शरीर स्पष्ट देखिन्छ। प्रभुलाई सुताइन्छ काठको क्रुसमा, ठोकिन्छ काँटी उछिटिन्छ, खुन हात–खुट्टाबाट, भल बग्छ, खुनको खोलो बग्छ, प्रकृति रून्छ कालो रात भएर। धरती आकाश हल्लन्छ।

प्रभु आफ्नो आत्मा मित्रलाई सुम्पन्न अघि प्रार्थनामा भन्नुहुन्छ–"हे पिता! यिनीहरूले के गरिरहेछन्, जान्दैनन् क्षमा गर्नुहोस।" "अम्बे! (आमा) तपाईं अब उनीहरूका आमा हुन।" (चेलाहरू सम्पनुहुन्छ)

येशूकी माँ, मेरी माँ धन्य हौ! हाम्रा परमेश्वर। सत्पति पछि फर्केर आफ्नो गल्ती सम्झी साँच्चै ईश्वरको पुत्र हुनुहुँदोरहेछ भनि स्वीकार्छन्। कालो रात बितिजान्छ, नयाँ बिहानी उज्यालिन्छ। तेस्रो दिन धर्म शास्त्रमा लेखिएर अनुसार किसमिसे उज्यालोमा भेरोनिकाहरू साथीहरू प्रभुलाई राखिएका ठाउँ हेर्न जान्छन् मनभरि कुरा खेलाएरं देख्छन प्रभुलाई कोरिएको कात्रो सजिएर पट्टिएको देखे। यतिकैमा स्वच्छ बस्त्रधारी देव दूत उनीहरूको शङ्का दूर पार्न भन्छन्–"गएर चेलाहरूलाई भनिदेऊ उहाँले भनेअनुसार शास्त्रमा लेखिएको कुरा पूरा भएको छ–बौरी उठेर।"

हर्षान्दमा खबर एक–कान दुइकान मैदान हुन्छ। पिटर (सन्त) प्रभु बौरिउ भएको खबर आफ्नो

गलिन सुल्झाउ यसो भन्छ–
भूल्नै नसक्ने भूल गल्ती भएर
बाँच्नुको रहरमा डराएर
उम्केको माछा भएछु।
पूर्व वाणी ििहा हराएर
डाक भालेको बिर्सिएछु।
झिसमिसे उज्यालोले
थाहा दिएपछि झस्केर
बेस्सरी रोएको छु।
सम्बन्धम नजिकएर
आफ्नो भन्ने बिर्सेर
बेटुंगोमा जिउने रहरले प–र भएछु।
मेरो देव (ईश्वर) हराएर होस
डराएर बिमुख भएमा क्षमा चाहन्छु।
बेहोशीमा दु:खजति सबै पोखेर
नियास्रोमा–ब्युझिएको खबरले
बेस्सरी रमाएको छु।
घाम जून तारा उज्यालिएको छ
विश्व ज्योति उदाए छ
सदा–सदालाई। विश्वले मुक्ति पाएको छ
मुक्तिदाता–ईश्वरमा।




जोहन लेप्चा

ईशुको पुनरूत्थान, पापीको उत्थान
प्रभुले गर्नु भयो,
अन्धकारलाई नष्ट, संसारलाई स्पष्ट
ईश्वरीय स्वभाव देखाउनुभयो।
बिहानको तारा, विश्व सारा
बौह्री उठी चम्कनु भो,
मृत्युको डङ्का, मानिसमा शङ्का
सदालाई अन्त गर्नु भो।
मानिसहरूको तमासा, बिहानको सुरक्षा
सिपाहीहरू खटेथे,
चेलाहरू आएर, कात्रोमात्र देखेर
सबै अचम्म मानेथे।
पिताको इच्छा, पुत्रको परीक्षा
शैतानले लिए थे,
दैविक कार्य, मानिसमा धर्म
देखेर पनि चेलाहरू भागेका थे!
अति बिहान, ईशुको चिहान
हेर्न मग्दालिनी आइन,
निहुरी हेर्दा, मृत देह नदेख्दा
विचलित् भए थिईन्।
लपेटिएको लुगा, खाली जगा
देखेर चेलाहरू विश्वासी भए,
मृतबाट जीवित, संसारलाई चकित
धर्म शास्त्र पूरा भए।
ईशूको पुनरूत्थान, मृत्युको पतन
बौह्री उठानले गर्नुभयो,
संसारलाई स्पष्ट, शैतानलाई नष्ट
विश्वासीलाई आशा दिनु भयो
पुनरूत्थानको भरोसा दिनुभयो।




रबिता शेर्पा,
खरसाङ।

खरानीजस्तै लाग्यो जीवन
तिमीलाई माटोमा पुर्नुपर्दा।

छलैङ्ग बुझें गर्भदेखि
स्वर्गसम्मको रहस्य
आमाको न्यानो काखबाट छुट्याएर
शीतकालीन त्यो चिसो भुइँमा छोड्नुपर्दा।

यहाँ अमूल्य वस्तु त माटोमा पुर्नुपर्दोरहेछ भने
अब मूल्यको पछि किन दौड़िने!

अचम्भित भएँ म
यो निराकार र अदृश्य आत्मा
कहाँबाट आउँछ
कहाँ जान्छ?

तिमीलाई माटोमा पुरेपछिको त्यो पहिलो झरी
अनि त्यो सालभरीकै पानीझरी
आमाको हृदयको घाउबाट
तुप् तुप् चुहेको आलो रगतको अनुभव गरेपछि।

छैनरहेछ यो संसारमा कोही पनि अजम्बरी
क्षणभरकै त रहेछ यो जीवन पनि
आखिर रूखपातकै मल त हुनुरहेछ
यो झलमल्ल सजिने चाहा राख्ने शरीर पनि।

त्यो पहिलो रात तिमीबिना एक्लै हुनुपर्दा
आधा निन्द्रामा मेरा हातहरूले
तिमीलाई ओछ्यानमा खोज्दा
तिमीबिनाको
रित्तो चिसो ओछ्यान भेटाउँदा
आमाको शरीरको कण–कणबाट कम्पन छुट्दा
मानिसको जीवन सिमलको भुवा झैं उड़ीजाने
लाग्यो
शीतको थोपा झैं बिलिन हुने
यो संसारमा जोड़िएको प्रेमको सम्बन्ध
कमाएको धन र पद
सबैनै क्षणिक लाग्यो।

तिमी जन्मदाँ शरीरमा पिड़ा भए तापनि
मुटुभरी हर्ष नै हर्ष थियो
तिमी जाँदा त्यहीं हर्षित मुटु पनि
चोटै चोट हुनुपर्‍यो।

देखाउनु सक्दिनँ म संसारलाई
कहाँ दुख्छ घाउ भनी
संसारले तिमीलाई भूले तापनि
आमाले भूल्नसक्दैन जीवनभरि,
एकक्षण पनि॥

**बिशप स्वामीको आग्रह**

**सर्जकहरुप्रति एक निवेदन**

नेपाली काथोलिक साहित्यिक मञ्च, दार्जीलिङले भक्तिसाहित्य लेखनलाई प्रोत्साहन दिन एक प्रयासको रुपमा 'बग्दो झरना' पत्रिका निरन्तर प्रकाशित गर्दै आएको छ। पत्रिकामा धेरै उत्कृष्ट रचनाहरु प्रकाशित भइरहेकोमा मञ्चका संरक्षक महामहिम बिशप स्वामी अति नै प्रसन्न हुनुहुन्छ। कथा–कविताका सर्जकहरुप्रति उहाँले कृतज्ञता प्रकट गर्नुभएको छ। यद्यपि कतिपय लेख–रचनाहरुमा विशेषगरी कविताको क्षेत्रमा धार्मिक विषयहरुका कविताहरु काव्यात्मक शैलीमा नउतारी सोझै वर्णन गरिइएको बारेमा सर्जकहरुले केही गहनभाव तथा विचारतर्फ ध्यान पुऱ्याउन आवश्यक रहेको कुरो व्यक्त गर्नुभएको छ।

लेखक–कविहरुले आफ्नो सृजनशीलतालाई निरन्तरता दिँदै भक्तिसाहित्य लेखनलाई अघि बड़ाउन श्रद्धेय बिशप स्वामीको आग्रह छ।

सम्पादक,
बग्दो झरना।

## फबीओला उपन्यासको धारावाहिक प्रकाशन :

बग्दो झरना पत्रिका अङ्क ११: मई–जुलाई, २०२४–देखि पाठकहरूको लागि **फबिओला** उपन्यासका अध्यायहरू धारावाहिकरूपमा प्रकाशित गरिरहेका छौं। काथोलिक धर्ममण्डलीका एक उच्च धर्माधिकारी कार्डिनल निकोलस प्याट्रिक वाइजमेन (१८०२–१८६५)–द्वारा लिखित सन् १८५४–मा प्रकाशित उपन्यास फबिओलालाई एक ऐतिहासिक भूमिगत मण्डलीको रूपमा जानिन्छ। यस अङ्कमा उपन्यासको छैटौं अध्याय प्रस्तुत छ।

– सम्पादक



उपन्यास फबीओला
अनुवादक अगस्तीन गुरुङ

### फबीओला

उपन्यास

–छैटौं अध्याय

### प्रेमको त्यो महान् विजय...........

स्वच्छ आकाशतिर वीर सेनापतिका मौन नयन उठे अनि एक क्षणमा पंक्रासिउसतिर फर्की दृढ़ स्वरमा भने, "पंक्रासिउस, मेरो हृदयले भन्छ, रोममा बस्ने ख्रीस्त–भक्तहरूका जीवनपथमा सुख–शान्तिको मधुर ज्योति अवश्य बर्सनेछ, अनि चाँड़ै।"

"तर त्यो मधुर ज्योतिको स्वागत गर्नको निम्ति हामीहरूले ठूला–ठूला बलिदान दिनुपर्नेछ। सेबस्तियन, प्रभु–प्रेमको मोल सजिलै तिर्न सकिँदैन।"

"तिमी ठीक भन्दैछौ पंक्रासिउस, प्रेमको त्यो पुण्य वेदीको मान राख्नका निम्ति अझै कति प्रभुप्रेमीहरूले आफ्नो जीवनपुष्प मुस्कुराउँदै चढ़ाउनु पर्नेछ।"

क्षणभरसम्म फेरि त्यही निस्तब्धता छाइरह्यो। पंक्रासिउसको दाहिने कुममा आफ्नो हात राख्दै सेनापति सेबस्तियनले भने, "पंक्रासिउस, मेरो कल्पनाको विजयस्तम्भ अवश्य खड़ा हुनेछ अनि चाँड़ै। जाऊँ अब भित्र। साथीहरूले हाम्रो बाटो हेरिरहेका होलान्।"

सेनापति सेबस्तियनको महल, यता बीस–पच्चीस दिनदेखि रोमका प्रभुभक्तहरूका अड्डा बनिएको थियो। ख्रीस्तभक्तहरूको संहारको निम्ति रोममा नयाँ–नयाँ कानून बनिँदै थियो जसले गर्दा विचाराहरूलाई ज्यान जोगाउनु मुश्किल परिरहेको थियो। कोही मानिसमाथि ख्रीस्तभक्त भएको सन्देह मात्र भयो भने पनि उसलाई पकड़िन्थ्यो अनि प्रमाणित साँचो ठहरिए कि ता उसलाई फाँसी लगाइन्थ्यो या एम्फीथिएटरका खूनी जनावरहरूको मुखमा हालिन्थ्यो। यति मात्र होइन निर्दोष आरोपीको घरबार पनि लुटिन्थ्यो अनि त्यसमा आगो लगाइन्थ्यो। यी सारा निर्मम अत्याचार सम्राटको यो हृदयहीन दमनलीला देखेर, सेबस्तियन कहिले–कहिले त पागल झैं हुन्थे। कति खेप त सेनापतिको त्यो घृणित पद त्यागिदिऊँजस्तो उनलाई लाग्थ्यो, तर फेरि के सम्झेर हो कुन्नि शान्त हुन्थे। उनमाथि कर्तव्यको एउटा ठूलो भार थियो। उनलाई विश्वास थियो कि सेनापतिको पदमा रहेर उनले प्रभुको अधिक सेवा गर्नसक्थे जतिको उनले बाहिर बसेर गर्न सक्तैनथे। सायद यसैकारण यी सब देख्दा–देख्दै पनि उनी चुप लाग्थे मानौं कसैले उनलाई भनिरहेको थियो, "सेबस्तियन! भावनाभन्दा कर्तव्य ठूलो हो।" उनले केही दिनअघि आफ्नो विश्वासको प्रमाण पनि पाए। मार्कुस् अनि मरसेलीनुस, दुवै भाइ प्रभु ख्रीस्तका परमभक्त थिए। बिचारा दुवैजना एकदिन पकड़ा परे। सम्राटको कचहरीमा मामला चल्यो अनि यो फैसला भयो कि यदि सातदिनभित्र उनीहरूले ख्रीस्तधर्म त्याग गरी सम्राटलाई भगवान् नमाने फाँसी दिइनेछ। फलामका हाथकड़ीहरू लगाइदिई उनीहरूलाई सातदिनको निम्ति शहरको हाकिम निकोस्त्रातुसको घरमा पठाइए।

यो साताभित्र नजाने शहरका कति मानिसहरू तिनीहरूकहाँ आए। आमा–बाबु, भाइ–बन्धु अनि इष्ट–मित्रहरू ताँत लागेर आए। तर जो आउँथ्यो उसले केवल यही भन्थ्यो कि ख्रीस्त धर्मको लागि व्यर्थमा ज्यान दिनु महामूर्खता हो। सम्राटलाई भगवान् मानिलिनुमा नै उनीहरूको भलाइ छ।

छ दिनसम्म ता दुवै भाइ आफ्ना निश्चयता अटल रहे तर जब सातौं दिन आयो अनि चारै तरफदेखि मानिसहरूले चेप्दै ल्याए तब उनीहरू अलिक हताश भए अनि यस विषयमा अलिक विचार गर्ने इच्छा प्रकट गरे।

छोराहरूको यस्तो कुरा सुनेर बाबुको आनन्दको सीमा रहेन। झट्टै कोठादेखि निस्केर निकोस्त्रातुसकहाँ पुगिहाले। निकोस्त्रातुसको निम्ति पनि यो एउटा खुशीको खबर थियो। उसले झट्ट एक महीनाको अवधि दिइहाल्यो।

घाम भर्खर झुल्कन्दै थियो। सेबस्तियन छानामाथिबाट सूर्यकिरणको आनन्द लुटिरहेका थिए, कसैले आएर यसको खबर दियो। उनको हृदयमा गहिरो चोट लाग्यो। टाउको निहुराएर उनी सीधा आफ्नो कमरामा गए अनि एउटा सानो कुर्सीमा बसे – सर्वथा उदास। "मार्कुस र मरसेलीनुसको हार त्यो अमर प्रेमको हार हो" सायद यही विचारले उनलाई सताइरहेथ्यो।

एकक्षणपछि सेबस्तियन एकाएक कुर्सीबाट जुरूक्क उठे अनि प्रार्थनाकोठामा पसे। ख्रीस्तको त्यो सानो मूर्ति सामने पुगेर जसले सधैं उनलाई नयाँ बल प्रदान गर्थ्यो, उनले प्रार्थना गरे अनि नयाँ आशा लिएर बाहिर निस्के। झट्पट् सरकारी पोशाक लगाई निकोस्त्रातुसको घरतर्फ हिंड़े। एउटा ठूलो कोठामा दुवै भाइ बन्द थिए। बाहिरबाट सेनापतिले धेरै मानिसहरूको स्वर सुने। निकोस्त्रातुसले मार्कुस र मरसेलीनुसलाई सम्झाइरहेको थियो, "व्यर्थमा प्राण किन दिन्छौ? सम्राटलाई भगवान् मान। जीवन पनि पाउँछौ अनि जीवनको सुख पनि। सम्राटलाई भनेर म तिमीहरूलाई धन दिलाउँछु। मानिसहरूको बात सुनेर व्यर्थमा किन प्राण फेंक्छौ?"

हाकिम निकोस्त्रातुसको स्वर सुनी पहिला त सेबस्तियन अलिक अक्मकाए तर फेरि हिम्मत बाँधी कोठामा प्रवेश गरे। विशाल कोठा नाना प्रकारका चीजहरूले सजाइएको थियो। दैलाहरूमा रेशमका पर्दा झुण्डिएका थिए अनि भुइँमा सुन्दर गलैंचा बिछाइएका थिए। सायद यो कोठा निकोस्त्रातुसले आफ्ना अतिथिहरूका निम्ति सजाएका थिए। दैलो बन्द हुनाकारण कोठामा उज्यालो कम थियो, तर पनि टेबलमा सजाएका मूर्तिहरू स्पष्ट देखिन्थे। मार्कुस् र मरसेलीनुसका हातबाट हथकड़ी निकालिएको थियो अनि अहिले ती हथकड़ीहरू त्यहीं भुइँमा लड़िरहेका थिए। ती दुई माता–पिताको छेउमा बसेर रोइरहेका थिए।

निकास्त्रातुस तिनीहरूलाई सम्झाइरहेका थिए अनि उनकी धर्मपत्नी श्रीमती जोय छेउमा बसी सुनिरहेकी थिइन्। मार्कुस् र मरसेलीनुसका शाखा–सन्तान पनि भित्तामा अड़ेस लागी सुनिरहेका थिए। सेनापति सेबस्तियनलाई देखेर सबै छक्क परे। दुवै भाइले आँखामाथि उठाए अनि फेरि लाजको कारणले तल झारे। एक क्षणसम्म सेबस्तियन केही सोंचिरहे। उनको सामने दुई चीज थिए, एकपट्टि मृत्यु अनि अर्कोपट्टि धर्म। यदि उनले निकास्त्रातुसको सामुमा ती युवकहरूलाई केही सम्झाए भने उनको मृत्यु निश्चित छ अनि फेरि यो सारा दृश्य देखेर पनि चुप लागी बसे धर्मको हार हुन्छ। उनी ठूलो दोधारमा परे। अचानक उनका आँखा स्वर्गतिर उठे अनि दुइ हात छातीमा पुगे। सेनापतिलाई यसरी प्रार्थना गर्दै गरेको देख्दा तिनीहरूमा अवाक् निस्तब्धता छाइरह्यो।

प्रार्थना सकेपछि सेबस्तियन मार्कुस् अनि मरसेलीनुसपट्टि फर्के अनि प्रेमपूर्वक भने, "प्यारा भाइहरू, आजको दिन तिमीहरूको प्रेमपरीक्षाको दिन हो। याद राख तिमीहरूको प्यारो प्रभुको जीवनमा पनि प्रेमपरीक्षाको यो दिन आएको थियो। क्रूसमा मुस्कुराउँदै झुण्डिएर कमलका फूल झैं कोमल हातहरू अनि खुट्टाहरूमा तीखा काँटी ठोकी मागेर अनि काँड़ाको मुकुट लगाएर प्यारो प्रभुले त्यो अमर प्रेमको इज्जत बचाउनुभएको थियो। आज उनको इज्जत तिमीहरूको हातमा छ। प्राण दिएर पनि तिमीहरूले यसको रक्षा गर्नुपर्छ।"

सेनापतिको कुरा सुनेर दुवै भाइका आँखा पानीले भरिए। सेबस्तियन फेरि भन्नथाले, "पुण्यात्मा भाइहरू, प्रभुप्रेमको रक्षाको निम्ति तिमीहरूले यत्रो

दु:ख सह्यौ। कुनै अपराधबिना पनि यी हथकड़ी लगायौ, यो अपमान सह्यौ, आफ्ना आमा–बाबुलाई यत्रो दु:ख दियौ। अब प्राणको मायामा फँसेर हार खानु उचित होइन। याद राख। जीवन छोटो छ। यो संसारमा कुनै प्राणी पनि अनन्तको लागि आएको छैन। आज होइन त भोलि मृत्युको काखमा सुत्नैपर्छ। त फेरि त्यो मृत्युदेखि डर के को? तिमीहरूले हाँस्दै मृत्युको स्वागत गर्नुपर्ने, तिमीहरू त आफ्ना प्रभुको निम्ति प्राण दिइरहेछौ। याद राख! जो व्यक्ति प्रभुप्रेमको निम्ति आफ्नो प्राण दिँदछ उ सीधा स्वर्ग पुग्दछ–आफ्ना प्यारा प्रभुका चरणकमलमा। तिमीहरूले पनि त्यो पुण्य अवसर पाएका छौ। यो अवसर त्यसै फाल्नु उचित होइन।"

सेबस्तियनको बातले दुवै भाइलाई रूवाइदिए। दुवै सेनापतिको छेउमा गई साना–साना बालक झैं रूनथाले। यो अनौठो दृश्य देख्दा सबै आश्चर्यचकित भए।

मार्कुस् र मरसेलीनुसलाई सान्त्वना दिँदै सेबस्तियनले भने, "भाग्यवान् भाइ हो! रून्छौ किन? तिमीहरू त स्वर्ग गइरहेछौ, आफ्ना प्रभुका प्रिय चरणमा। तिमीहरूलाई त हर्ष लाग्नुपर्ने।"

सुँक्क–सुँक्क गर्दै मार्कुस्ले भन्यो, "दाज्यु सेबस्तियन, म जस्तो अपराधीलाई भगवान्ले कसरी क्षमा देलान्? "यस्तो नभन मार्कुस्, तिमी ता पुण्यात्मा हौ। तिमीलाई त भगवान्ले अँगालो हाल्नेछन्।"

बिस्तारो–बिस्तारो दुवै भाइको रूवाई बन्द भयो। मार्कुस्ले हाकिम निकोस्त्रातुसतिर फर्केर भन्यो, "निकोस्त्रातुसतिर फर्केर भन्यो, "निकोस्त्रातुस, म आफ्नो ख्रीस्तधर्म त्याग्न कदाचित तैयार छुइनँ। अब तपाईं ढिलो नगर्नुहोस्। यी हथकड़ी फेरि मेरा हातहरूमा लाइदिनुहोस् अनि मलाई जे दण्ड दिनुहुन्छ, दिनुहोस्। म तैयार छु।" तब मरसेलीनुसले पनि भन्यो, "म पनि आफ्नो प्यारो ख्रीस्त–धर्म त्याग्न सक्तिनँ। निकोस्त्रातुस, मलाई मृत्यु स्वीकार छ।" यो दृश्य देखेर निकास्त्रातुस अक्क र बक्क भए। मार्कुस्का वृद्ध पिता आफ्ना पुत्रका खुट्टामा परी रूनथाले। मार्कुस्ले आफ्नो पितालाई माथि उठाउँदै भन्यो, "पिताजी, तपाईं यसरी दु:खित किन हुनुहुन्छ? म ता आफ्नो प्यारो प्रभुको निम्ति प्राण दिइरहेछु। उनको लागि जसले हाम्रो कल्याणको निम्ति कोर्राले हिर्काइ मागे, काँड़ाको मुकुट लगाए अनि क्रूसको मरण सहे। तपाईंको पुत्र एउटा महान् उद्देश्यले मर्दैछ भन्ने सम्झी तपाईं त प्रसन्न पो हुनुपर्ने।"

पुत्रको मुखबाट यी प्रेमका बात सुनी वृद्ध पिताको रूवाई बन्द भयो। उ उठ्यो अनि निकोस्त्रातुसतिर फर्केर भन्यो, "निकोस्त्रातुस, म पनि ख्रीस्तधर्म स्वीकार गर्दछु। जुन धर्मको रक्षाको निम्ति मेरा यी दुइ पुत्रले ज्यान दिइरहेछन्, त्यो धर्मदखि म अलग रहन सक्तिनँ। आफ्ना पुत्रहरूसितै म पनि ख्रीस्तधर्मको निम्ति ज्यान दिन्छु।"

आफ्नो पतिको त्यस्तो बात सुनी मार्कुस्को आमाले भनी, "निकोस्त्रातुस जुन धर्मको निम्ति मेरा यी दुइ छोरा अनि पतिदेवले ज्यान दिन्छन्, म पनि त्यही धर्मको निम्ति मर्न चाहन्छु। आफ्ने पतिसँगै म पनि ख्रीस्तधर्म स्वीकार गर्दछु। मलाई पनि दण्ड दिनुहोस्।" यो दृश्य देखेर सबको आँखामा आँसु आयो। प्रभुप्रेमको रस सबैको हृदयमा भिजिसकेको थियो। सबैको आँखाबाट आँसु झरिरहेको थियो। यो दृश्य देख्दा श्रीमती जोयको हृदय पनि नपगली रहनसकेन। एकाएक उनी उठिन् अनि सेबस्तियनको खुट्टा समाती सानो नानी झैं रून थालिन्।

प्रेमको विजय भइसकेको थियो। निकोस्त्रातुस बाहेक सबले ख्रीस्तधर्म स्वीकार गरे। यहाँसम्म कि मार्कुस् अनि मरसेलीनुसका सारा शाखा–सन्तान अनि साथीहरू जो त्यहाँ उपस्थित थिए, सबले ख्रीस्तधर्म स्वीकार गरे। सेबस्तियन मन–मनमै रमाउँदै थिए। उनले सोंचे कि निकोस्त्रातुसले धर्म ग्रहण गरेन भने त सबको मृत्यु निश्चित छ उसले पनि उसकी पत्नीले झैं स्वीकार गरे मात्र सब बाँच्नेछ। यसकारण श्रीमती जोयलाई सम्झाउँदै सेबस्तियनले भने, "दिदी जोय, तिमी साँच्चै भाग्यवती छौ। तिमीमा ईश्वरको कृपा रहेछ। यसकारण त आज तिमीले प्रभु ईशुको चरणमा

शरण लियौ। अब म चाहन्छु कि यो सौभाग्यलाई पूर्ण गर्नको निम्ति तिम्रा पतिले पनि तिम्रा साथ दिऊन्।तिमी नै उनलाई सम्झाऊ। उनी तिम्रा पनि हुन्, तिम्रो बात कहिल्यै काट्ने छैनन्।"

जोय केही उत्तर नदिई केवल सुनिरहिन्। सेबस्तियनले फेरि भने, "दिदी, त्यो प्राणी बड़ो भाग्यवान् हो जसले प्रभुको चरणमा शरण लिँदछ। उसको निम्ति स्वर्गकोद्वार खुलिन्छ। मृत्युपछि उ आफ्ना प्रभुका चरणकमलमा पुग्दछ। यसैकारण म चाहन्छु कि तिम्रा पतिले पनि तिम्रा साथ दिऊन्। दिदी जोय, तिमी उनलाई सम्झाऊ।"

जोयको मुखदेखि केही उत्तर निस्केन। उनी फेरि अघि झैं रून थालिन्। निकास्त्रातुसले यो करूण दृश्य हेर्न सकेनन्। उनले बड़ो दुःखित स्वरमा भने, "सेबस्तियन, तिमी व्यर्थमा उसलाई किन सताउँछौ? तिमी जान्दैनौ, बिचरी बोल्न सक्दिनन्?"

"अँ, मेरी स्त्री लाटी छे। छ वर्षदेखि यसो उसले एक शब्द पनि निकाल्न सकेकी छैन।"

बिचरी जोय लाटी छे, बोल्न सक्दिन भन्ने सुनी सेबस्तियनलाई अफसोस लाग्यो। उनले झट्टै आफ्नो फौजी पोशाक खोले अनि अस्त्र निकाली भुइँमा राखे। घुँड़ा टेकेर उनले प्रार्थना गरे अनि प्रार्थना सकेर उठ्ने साथ उनले श्रीमती जोयलाई स्नान–संस्कार दिए। स्नानसंस्कार सँगसँगै श्रीमती जोयले छ वर्षदेखि हराएको वाक्शक्ति फेरि पाइन्। सेबस्तियनको हात चुम्दै उनले भनिन्, "भगवान् ईशु बड़ो दयावान् हुनुहुन्छ।" यो देखेर निकोस्त्रातुस छक्क परे। साथसाथै उनलाई अपार आनन्द पनि लागिरहेथ्यो। उनी झट्टै कुर्सीबाट उठे अनि सेबस्तियनको अघि घुँड़ा टेकी भन्न लागे, "सेवस्तियन, म पनि बन्नेछु। सेबस्तियन, मलाई पनि ख्रीस्तभक्त बनाऊ।"

सेबस्तियनको आँखाबाट प्रथमबार दुइ थोपा आँसु खसे अनि उनले आकाशतिर आँखा उठाई भने, "प्रभु ईशु, तपाईं कति दयालु हुनुहुन्छ।"

दिनको दश बजिसकेको थियो। कचहरीको समय भइसकेको थियो। निकास्त्रातुसले आफ्ना ख्रीस्तभक्त भाइहरूलाई भने, "भाइहरू, आज बड़ो सौभाग्यको दिन हो। हामीमाथि प्रभुको कृपा छ। आजदेखि हामी सबले जीवनको पल–पल प्रभुसेवामा बिताउनुपर्छ। दश बजिसक्यो। अब हामी यहाँबाट हट्नुपर्छ। आऊ, म तिमीहरूलाई बाटो देखाउँछु अनि सेबस्तियन, हेर याद राख, आजको यो घटना कसैलाई थाहा नहोस्।"

महलको पछिल्लो दैलोदेखि सब निस्के अनि सीधा सेबस्तियनको महलमा पुगे।

प्रभुभक्तहरू गइसकेपछि निकोस्त्रातुसले झटपट आफ्नो पोशाक बदली गरे अनि सीधा क्रोमासिउसको घरको बाटो लागे। क्रोमासिउसको घरको बाटो लागे। क्रोमासिउस शहरको मुखिया थिए। कैदीहरूको विषयमा सोध्नासाथ निकोस्त्रातुसले सब बात साँचो–साँचो बताइदिए अनि अन्तमा भने, "क्रोमासिउस, प्रभु ईशुमा अपूर्व शक्ति छ। उनले दरबारमा प्रार्थना गर्दै मानिसको ठूला–ठूला दुःख हट्नसक्छ। स्नान–संस्कारको शक्ति पनि अद्भूत छ। स्नान–संस्कार पाउनसाथ मेरी पत्नी जोयले वाकशक्ति पाई अनि राम्रै बोल्न थाली। तिमी जान्दछौ उ छ वर्षदेखि लाटी भएकी थिई। हामीहरूले अर्को अचम्म पनि देख्यौं। मार्कुस्को बाबुलाई गठियाको पुरानो रोग थियो। स्नान–संस्कार पाउनसाथ उसको रोग पनि जाती भयो अनि एकै क्षणमा हिंड्नु–डुल्नु थाल्यो।"

गठियाको बात सुनेर क्रोमासिउसले बड़ो उत्सुकतापूर्वक सोधे, "गठियाको रोग?"

"अँ। पन्द्रह वर्षदेखि उसलाई यो रोगले सताइरहेको थियो। सेबस्तियनले क्षणभरमै उसलाई निको पारिदिए।"

क्रोमासिउसलाई पनि गठियाको रोग लागेको थियो। त्यसकारण उनले भने, "भाइ निकोस्त्रातुस, सेबस्तियनलाई बोलाएर यहाँ पनि ल्याऊन। सायद म पनि जाती हुन्छु कि। बड़ो दुःख सहिरहेछु।"

"हुन्छ, म उसलाई भोलि लिएर आउँछु। तर क्रोमासिउस, यो भेद कसैलाई थाह नहोस्।"

"म वचन दिँदछु, कसैलाई पनि यो भेद थाह हुनेछैन।"

भोलिपल्ट बिहान हुनेसाथ सेबस्तियन अनि निकास्त्रातुस दुवै क्रोमासिउसको घर पुगे। क्रोमासिउसलाई रातभरि निद्रा लागेको थिएन। झिसमिसे उज्यालो भएदेखि नै उनी सेबस्तियनको बाटो हेरिरहेका थिए। बड़ो प्रेमपूर्वक दुवैको स्वागत गर्दै क्रोमासिउसले उनीहरूलाई भित्र लगे। कोठामा बसिसकेपछि क्रोमासिउसले भने, "भाइ सेबस्यिन, मलाई गठियाको रोगले बड़ो कष्ट दिइरहेछ। कति दवाई–पानी गरें तर सब व्यर्थ। मैले सुनें तिमीले गठियाको रोग क्षणभरमै जाती पार्छौ अरे। ममाथि पनि दया गर।"

सेबस्तियनले बड़ो विश्वासपूर्ण अनि दृढ़ स्वरमा भने, "श्रद्धेय क्रोमासिउस, म तपाईंको रोग निको पार्नसक्छु। तर मेरो दुईवटा शर्त छन् जुनचाहिँ तपाईंले स्वीकार गर्नुपर्छ।"

"त्यो के हो?" क्रोमासिउसले झट्ट सोधे।

"पहिलो शर्त यो हो कि भोलि सूर्य अस्ताउनभन्दा अघि यो घर अनि 'मूर्ति–भवन'–का साना–ठूला सबै मूर्तिहरू फुटाउनुपर्छ। अनि दोस्रो शर्त यो हो कि रोग जाती भएपछि तपाईंले ख्रीस्तधर्म स्वीकार गर्नुपर्छ।"

सेबसिस्तयनको बात सुन्दा क्रोमासिउस अनि उनका पुत्र तिबुरसिउस छाँगोबाट खसे। जुन मूर्तिहरूको कारण सारा रोम उनको सम्मान गर्दछ, त्यसलाई कसरी एउटा साधारण युवकको बातमा आएर नष्ट पार्नु? तर अर्कोपट्टि जीवन, स्वास्थ्य अनि सुखको प्रश्न थियो। दुवै ठूलो द्विविधामा परे। यदि मूर्तिहरू पनि तोड़िए अनि रोग पनि जाती भएन भने के हुन्छ? यही सोंचेर बाबु–छोराको गिदी खल्बलियो। सेबस्तियन सब बुझ्दथे। उनले भने, "श्रद्धेय क्रोमासिउस, तपाईं दोधारमा नपर्नुहोस्। म तपाईंलाई वचन दिँदछु तपाईंको रोग जातीभएन भने म आफ्ना हात अनि खुट्टाहरू यही घरमा काटेर फ्याँक्नेछु।"

सेबस्तियनको बात सुनेर क्रोमासिउसलाई अलिक विश्वास लाग्यो। धेरै बेरसम्म सोंचेर उनले भने, "मलाई तिम्रा दुवै शर्तहरू मञ्जुर छ। तर मेरो रोग निको भएनछ भनेचाहिँ तिमी यो घरदेखि जिउँदो फर्कनेछैनौ।"

तिबुरसिउसले पनि भन्यो, "हामीहरू मूर्ति तोड्नेछौं तर यति गर्दा पनि पिताजीको रोग जाती भएन भने मेरो यो तलवारले तिम्रो अन्त गर्नेछ।"

सेबस्तियनले मुस्कुराउँदै आकाशतिर हेरे अनि उनको मुखबाट यी शब्द निस्के, "प्रभु, आफ्ना भक्तहरूको इज्जत बचाउनुहोस्।"

यति भनी सेबस्तियन घुँड़ा टेकी प्रार्थना गर्नथाले। प्रार्थना समाप्त गर्नसाथ उनले भने, "क्रोमासिउस, म आज जाँदैछु। भोलि सूर्य अस्ताउनभन्दा अघि यहाँको अनि 'मूर्ति–भवनको' सब मूर्ति फुटेको हुनुपर्छ। सब मूर्तिहरूको नाश हुनासाथ तपाईंको रोग पनि जाती हुनेछ। म भोलि बेलुकी फेरि आउनेछु।"

क्रोमासिउसले भोलिपल्ट बिहानै आफ्नो विश्वासी नोकरहरूलाई 'मूर्ति–भवन'–का सब मूर्तिहरू फुटाउनु भनी आज्ञा दिई पठाए। यता घरको पनि सब मूर्तिहरू एक–एक गर्दै फुटाइयो अनि सब सकेपछि बड़ो व्याकुलतासाथ क्रोमासिउस बेलुकीको प्रतीक्षा गर्नथाले। सूर्य अस्ताउने बेलामा त उनको व्याकुलताको चरम सीमा पुगिसकेको थियो।

सूर्य अस्तायो। निशारानीको कालो चादरले सारा रोमलाई लपेट्यो तर विचारा प्रतीक्षा–विकल क्रोमासिउसको रोग दूर भएन। निराशा अनि दुःखमिश्रित क्रोधमा उनको बदन जल्नथाल्यो। तिबुरसिउसको आँखामा त रगत चढ़िसकेको थियो।

ठीक त्यति नै बेला तरूण सेबस्तियन आइपुगे अनि श्रद्धापूर्वक प्रणाम गर्दै भने, श्रद्धेय क्रोमासिउस, के सब मूर्तिहरू फुटाउन लाउनुभयो?"

"अँ, मूर्तिहरू ता तोड़िए तर मेरो रोग जाती भएन। सेबस्तियन, तिमीले मसित विश्वासघात गर्‍यौ।

तिमीले यसको बदला चुकाउनै.......।"

क्रोमासिउसले बात पुरा गर्न पाएका थिएनन् तिबुरसिउस हातमा तलवार लिई दगुर्दै आई सेबस्तियनलाई देखाउँदै भन्नथाले, "सेबस्तियन, अब तिमी बाँचेर जान सक्तैनौ। तिमीले हाम्रो सर्वनाश गर्‍यौ। अब तिमीलाई पनि हामी सबैको निम्ति नाश गरिछोड़छौं।" "शान्त होऊ तिबुरसिउस, दोष मेरो होइन, तिमीहरूको छ।"

"हाम्रो दोष?" दाँत पिस्दै तिबुरसिउसले सोध्यो।

"अँ, तिमीहरूको दोष। तिमीहरूले सब मूर्ति किन फुटाएनौ?" "तिमीलाई के थाह? हामीले एक–एक गरी सब मूर्ति फुटाएका छौं।"

"अहँ। अझै पनि एक दुइ मूर्तिहरू बाँकी छन्। घरभित्र गएर हेर। साना–साना मूर्तिहरू अझ पनि भित्रै छन्।" बात साँचो थियो। केही साना–साना मूर्तिहरू तिबुरसिउसले राखिछोड़ेको थियो, धर्मको ख्यालले होइन तर सजावटको ख्यालले। कोठाभित्र पस्नेसाथ उसका आँखा ती मूर्तिहरूमाथि परे अनि लज्जित भए। ती मूर्तिहरूलाई जम्मा गरेर झट्टै बाहिर निस्क्यो अनि एक–एक गर्दै पछार्दै फुटायो। अन्तिम मूर्ति फुट्नसाथ क्रोमासिउसको दुख्नु पनि हरायो। उनको खुट्टा पनि सीधा भयो। उनी झट्टै कुर्सीबाट उठेर सेबस्तियनको खुट्टामा छाँद हाल्न पुगे। सेबस्तियनले वृद्ध क्रोमासिउसलाई उठाउँदै भने, "श्रद्धेय क्रोमासिउसज्यू तपाईं बड़ो भाग्यवान् हुनुहुन्छ। तपाईंमाथि भगवान्को आशिष बर्सियो।"

तिबुरसिउस पनि सेबस्तियनलाई अँगालो हालेर रून थाले। सबैको आँखाबाट आनन्दको अश्रुधारा बग्नथाल्यो। त्यस दिनदेखि मार्कुस, मरसेलीनुस, उनका माता–पिता अनि अरू ख्रीस्त–भक्तहरू सेबस्तियनको महलमै बस्नथाले। संत पास्तरको श्रद्धेय पुरोहित पोलीकार्प उनीहरूलाई धर्म शिक्षा दिँदथे। सम्राटको अत्याचार दिन प्रतिदिन बढ्दै जाँदै थियो अनि सँगसँगै मण्डलीमाथि आपद पनि खनिन्दै थियो।यसैकारण आज सबै मिलेर फैसला गर्नुपरेको थियो कि उनीहरू त्यही महलमा रहने या अरू कुनै बस्तीमा गएर बस्ने।

पंक्रासिउससँग सेबस्तियन भित्र पस्दा त सबै आइसकेका रहेछन्। सबैको अघि साधारण खाना राखिएको थियो अनि सबै सेबस्तियनकै बाटो हेरिरहेका थिए।सेबस्तियन आइपुग्नासाथ सबैले खानथाले।

खाना खाइसकेपछि कुराकानी शुरू भयो अनि यो निर्णय भयो कि भोलिपल्ट उदय हुनभन्दा अघि नै सबैले रोम छोड़ी श्री क्रोमासिउसको 'मूर्ति–भवन'–को बाटो लिनुपर्नेछ। यसकारण सानो–सानो दल बनाइए अनि अलग–अलग बाटो भएर जाने सल्लाह दिइयो जसमा कि कसैले सन्देह नगरून्।

सबैले यो कुरा स्वीकार गरे। तर तोरक्वातुसले मात्र सबै एकैखेपमा एकसँग जाने विचार प्रकट गरे।

बिस्तारो–बिस्तारो सबै अतिथि अनि मित्रहरू कोठादेखि निस्केपछि सेबस्तियनले पंक्रासिउसलाई भने, "पंक्रासिउस, रात निकै बितिसकेको छ। हिंड़, म तिमीलाई पुर्‍याइदिन्छु।"

टहटह जून लागिरहेको थियो। मन्द–मन्द हावाले ती दुइ प्राणीको स्वागत गरिरहेको थियो। बात गर्दागर्दै ती दुइ एउटा घरको अघि पुगे। घरको फाटकमा रोकिएर पंक्रासिउसले भन्यो, "सेबस्तियन, तिमी साँच्चै धन्य छौ, धन्य छ तिम्रो साहस पनि। प्राण हत्केलामा राखेर दिन रात काम गर्छौ। भविष्यले तिमीलाई याद गर्नेछ, सेबस्तियन।"

सेबस्तियनले केही भन्न सकेनन्। बल्ल–बल्ल मुसुक्क हाँस्दै उनले भने, "पंक्रासिउस हाम्रा प्यारा प्रभुले जति दुःख सहेका छन् त्यो हेरी मेरो यो दुःख ता केही पनि होइन।"

– **फबीओला** छैटौ अध्याय समाप्त
सातौं आगामी अङ्कमा।

# साहित्यबारे सन्त पिताको दृष्टिकोण



''साहित्य र कविता पठनको अभावले भविष्यको पुरोहितहरूमा
गम्भीर बौद्धिक र आध्यात्मिक गरिबी आउनसक्छ।
साहित्य र संस्कृतिले मानव हृदयमा विशेष गरी
प्रत्येक व्यक्तिको हृदयमा अपार आनन्द प्रदान गर्दछ।''

सन्दर्भ : https://www.usccb.org

''साहित्यले हामीलाई हाम्रो हृदय र आत्माको गहिराइमा लैजान्छ,
जहाँ हामी ईश्वरको उपस्थितिलाई अनुभव गर्न सक्छौं।''

सन्दर्भ : साक्षात्कार दोस्तोयेभ्कीको द ब्रदर्स करमाजोभ बारे टिप्पणीबाट।

''राम्रो पुस्तकले युवाहरूलाई सहानुभूति र करूणा सिकाउँछ,
र तिनीहरूलाई संसारको पीढाप्रति संवेदनशील बनाउँछ।''

शिक्षकहरूसँग भेटमा २०१५।







स्वीकृति : चित्रण (Illustration) - The Song of the Bird, Gujarat Sahitya Prakash Annand, India 1983 pg. 76 & 108.

- सम्पादक

# अन्तर्राष्ट्रीय मातृभाषा दिवसको उपलक्ष्यमा

## साउँ अक्षरको साधना

भाषा हाम्रो सभ्यता हो

हामी अक्षरका यात्रीहरू

### स्वर वर्ण र मात्रा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अ | | आ | ा | इ | ि | ई | ी |
| उ | ु | ऊ | ू | ऋ | ृ | ॠ | ॄ |
| ए | े | ऐ | ै | ओ | ो | औ | ौ |

### व्यञ्जन वर्ण

| | | | | |
|---|---|---|---|---|
| क | ख | ग | घ | ङ |
| च | छ | ज | झ | ञ |
| ट | ठ | ड | ढ | ण |
| त | थ | द | ध | न |
| प | फ | ब | भ | म |
| य | र | ल | व | |
| श | ष | स | ह | |
| ड़ | ढ़ | क्ष | त्र | ज्ञ |

### अङ्क

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ० | १ | २ | ३ | ४ | ५, ५ | ६ | ७ | ८,८ | ९,९,९ |
| 0 | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |

द्रष्टव्य : नेपाली भाषाका अक्षर सिक्न आरम्भ गरेका शिशुहरूको वर्णमालाका पाठ्य-पुस्तकहरूमा कतिपय वर्णहरू राखिने र हटाइने काम भइरहने हुनाले सिकारु विद्यार्थीहरूको असुविधालाई ध्यानमा राखी पाठ्यसामग्रीको रूपमा यो अक्षर-अङ्क साधना तयार पारिएको हो। शिशुहरूलाई वर्ण परिचय गराउँदा अग्रज भाषाविद्हरूले नेपाली भाषा लेख्दा र बोल्दा प्रयोग हुने केही सहयोगी समवर्णहरूलाई पनि सुविधाको लागि वर्णमालामा स्थान प्रदान गरेका हुनाले यस पाठ्यसामग्रीमा पनि सबै वर्णलाई यथावत राखिएको छ। साधरणतः व्यञ्जन वर्ण हलन्तयुक्त हुन्छ तर पठन-पाठनमा उच्चारण गर्न सहज नहुनाले अजन्त रूपमा नै राखिएको छ।

—जोगेन दर्नाल, शिक्षक, सेण्ट रोबर्टस् विद्यालय, दार्जीलिङ।

२१ फेब्रवरी, २०२५,
अन्तर्राष्ट्रिय मातृभाषा दिवस।

### केही चिन्हहरू

- ँ = चन्द्रबिन्दु
- ं = अनुस्वर
- ः = विसर्ग
- र्‍ = रेफ 'र'
- ्र = परेली 'र'
- ्‍र = संयुक्त 'र'
- , = अल्प विश्राम
- ; = अर्द्ध विश्राम
- । = विश्राम
- — = निर्देश चिन्ह
- ् = हलन्त
- ॰ = लाघव
- - = योजक चिन्ह
- — = डिको
- ! = विस्मयबोधक
- ? = प्रश्न चिन्ह
- :- =विवरण चिन्ह
- ( ), = कोष्ठक चिन्ह
- ' ' =उद्धरण चिन्ह
- —— = अपूर्ण चिन्ह
- ^ =पदलोप चिन्ह
- ’ = विलोप चिन्ह
- * = संकेत चिन्ह
- : = उपविराम चिन्ह
- ृ = ऋ

श्री जोगेन दर्नालद्वारा सम्पादित एवं नेपाली काथोलिक साहित्यिक मञ्च, दार्जीलिङद्वारा प्रकाशित।
मुद्रण: सिस्टम्याटिक कम्प्युटराइज्ड अफसेट प्रिन्टर्स, दार्जीलिङ ।

मूल्य : भारु ₹ २५/–
नेरु ४०/–